का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ मंसिर २०८२
शनिबार
29 November 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २८९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

कभर स्टोरी

# दलभित्र दलन


विधिबाटै सुरुवात भएको जात व्यवस्था र छुवाछुतको प्रथा अन्त्यको घोषणा गर्न नै १ सय ५३ वर्ष लाग्यो । फेरि पनि व्यवहार पूर्णतः फेरिएको छैन । जातीय छुवाछुत तथा भेदभावमुक्त राष्ट्र घोषणा भएको दुई दशकसम्म पनि दलित समुदायले पूर्ण स्वतन्त्रताको महसुस गर्न पाएका छैनन् ।

**जनक नेपाल, जीवन शर्मा र दिवाकर अधिकारी**/मध्यान्ह

गत आमचुनावमा दलित समुदायबाट प्रत्यक्ष चुनाव जित्ने एक्ला नेता हुन्, छविलाल विश्वकर्मा । रूपन्देही-१ बाट उनले नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दलका साझा उम्मेदवार घनश्याम भुसाललाई फराकिलो अन्तरले पराजित गरे । चुनाव यताका तीन वर्षमा एमाले तीनपटक सरकारमा गयो । जेनजी विद्रोहअघिसम्म पार्टी अध्यक्ष केपी शर्मा ओली स्वयं प्रधानमन्त्री थिए । तर विश्वकर्माले सिंहदरबारमा ठाउँ पाएनन् । उनी त छुटे नै, सिंगो मन्त्रिपरिषद्मै दलित प्रतिनिधित्व शून्य बनाइयो ।

विश्वकर्मा एमालेमा माथिल्लो तहमा पुग्ने थोरै नेतामा पर्छन् । पञ्चायतकालदेखि निरन्तर सक्रिय छन्, पार्टी संगठन निर्माणमा खटिएका छन् । उनी आफ्नै बलबुता र जनमतले पार्टी पदाधिकारीसम्म पनि पुगे । तर राजकीय अवसर आउँदा भने उनलाई सधैं वञ्चित गरिँदै आएको छ । प्रतिनिधि सभाको सभामुखको निर्वाचनमा पनि विश्वकर्मालाई पत्याइएन । जनप्रतिनिधिमूलक संस्थाको प्रमुखमा दशकौंदेखि उत्पीडित समुदायको प्रतिनिधित्व गराउन पहल पनि गरियो । एमाले अध्यक्ष ओली सुरुमा सकारात्मक रहेको खबर पनि बाहिरिएको थियो । तर अन्तिमबेला विश्वकर्माको सट्टा ओलीले आफ्नै गृह जिल्ला झापाका सांसद देवराज घिमिरेलाई सभामुख बनाए । अध्यक्ष ओलीनिकट







रहेर पनि उनी किन 'गुड लिस्ट'मा पर्दैनन् ? विश्वकर्माको जवाफ सधैं सकारात्मक हुने गरेको छ, 'नेतृत्वले त्योभन्दा महत्वपूर्ण भूमिकाका लागि रोकेको होला ।'

सौराहाको १०औं महाधिवेशनबाट पार्टी सचिव निर्वाचित विश्वकर्मा २०६२/६३ को जनआन्दोलनको सफलतापछि बनेको अन्तरिम सरकारमा कृषिमन्त्री भएयता सिंहदरबारबाहिरै छन् । जबकि त्यसयता उनी तीनपटक सांसद् भइसकेका छन् । २०६४ को पहिलो संविधान




| साल (विसं) | जम्मा संख्या | दलित प्रतिनिधि संख्या | | | प्रतिनिधित्वको प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| २०१५ | १०९ | ० | ३ | ३ | २.७५ |
| पुनर्स्थापित व्यवस्थापिका संसद, २०६३ | ३२९ | ६ | १२ | १८ | ५.४७ |
| पहिलो संविधान सभा, २०६४ | ६०१ | २१ | २८ | ४९ | ८.१५ |
| दोस्रो संविधान सभा, २०७० | ६०१ | २२ | १८ | ४० | ६.६६ |
| संघीय संसद् राष्ट्रियसभा, २०७४ | ५९ | ० | ७ | ७ | ११.८६ |
| संघीय संसद् प्रतिनिधिसभा, २०७४ | २७५ | १३ | ६ | १९ | ६.९१ |
| प्रदेश सभा (७ वटै प्रदेश), २०७४ | ५५० | २१ | ८ | २९ | ५.२७ |
| संघीय संसद् राष्ट्रिय सभा, २०७९ | ५९ | ० | ६ | ६ | १०.१७ |
| संघीय संसद् प्रतिनिधि सभा, २०७९ | २७५ | ८ | ८ | १६ | ५.८२ |
| प्रदेश सभा (सातवटै प्रदेश), २०७९ | ५५० | २२ | ८ | ३० | ४.४५ |

## नेतृत्वमा सन्तोष, दुर्गा र खगेन्द्रहरू



सन्तोष परियार, दुर्गा सोब र खगेन्द्र सुनार केही प्रतिनिधि पात्र हुन् जो समावेशी नेपाल चाहन्छन् । यसकारण उनीहरू सदियौंदेखि गढेर रहेको उँच र निचको संस्कृति सदाका लागि तोड्ने अभियानअन्तर्गत राजनीतिक नेतृत्व लिँदै छन् ।

## विधिले थिचिए व्यवहारमा मिचिए

दलितको हक के हो ? संविधानमा के लेखिएको छ भन्नेमा कोही द्विविधामा छैनन् । दलितमाथि विभेद गर्नेलाई दण्डित गर्नुपर्ने र दलित समुदायलाई विशेष सुविधा दिनुपर्नेमा सबै सहमत हुन्छन् । तर व्यवहारमा बनेका नीति, थिति र विधि कार्यान्वयनमा कमै मात्र गएका छन् ।

»» विस्तृत पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## विदेशमा रहेका कामदारलाई २४सै घण्टा स्वास्थ्य परामर्श सेवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ मंसिर

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैदेशिक रोजगारमा रहेका नेपालीलाई स्वास्थ्य परामर्श सेवा सुरु गरिएको बताएको छ । मन्त्रालयले भाइबर, इमो र ह्वाटसएपमार्फत मिर्गौला रोग र अन्य रोगसम्बन्धी परामर्श २४सै घण्टा उपलब्ध गराउने मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा गौतमले पदबहाली गरेको दिन वैदेशिक रोजगारीका क्रममा हुने कामदारको मृत्युदर घटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने बताएकी थिइन् ।

प्रवक्ता बुढाथोकीका अनुसार मिर्गौला रोगसम्बन्धी सेवाका लागि ००९७७ ९७६३४९०९०० नम्बरमा भाइबर, इमो वा ह्वाटसएपमा फोन गर्न सक्ने व्यवस्था मिलाइएको छ । मिर्गौलासम्बन्धी रोगको परामर्श सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र अन्य स्वास्थ्य सेवासम्बन्धी परामर्श सेवा वीर अस्पतालबाट २४सै घण्टा उपलब्ध गराउने गरी व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

अन्य स्वास्थ्य सेवाका लागि ००९७७ ९८५१३४५७०१ र ००९७७ ९८५१३४५७०२ नम्बरको भाइबर र ह्वाटसएपमा फोन गर्न सकिने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता बुढाथोकीले विदेशमा धैरै »» पृष्ठ २ मा

### कामदारलाई निगमको हवाई टिकटमा विशेष छुट

**काठमाडौं/मस-** नेपाल वायुसेवा निगमले काठमाडौंबाट वैदेशिक रोजगारीका लागि चार गन्तव्यमा जाने कामदारका लागि विशेष छुटको घोषणा गरेको छ । निगमका अनुसार साउदी अरेबियाको दम्माम, कतारको दोहा, युएईको दुबई तथा मलेसियाको क्वालालम्पुर जाने नेपाली श्रमिक यात्रुहरूका लागि विशेष छुटसहित नयाँ भाडादर तोकेको बताएको छ ।

श्रमिक यात्रुहरूको सर्वसुलभताका लागि नेपालबाट तोकिएको गन्तव्यमा यात्रा गर्दा प्रत्येक उडानमा १० वटा सिटमा साबिकको भाडामा १० प्रतिशत विशेष सहुलियत दिने निर्णय गरेको निगमले जनाएको छ । श्रम मुलुकमा यात्रा गर्ने यात्रुले आवश्यक कागजातसहित निगमको »» पृष्ठ २ मा

## अभियन्ता नै डिजिटल हिंसामा


**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १२ मंसिर

धैरैलाई लाग्न सक्छ, सामान्य महिला वा तल्लो तहका कर्मचारी मात्र लैंगिक हिंसामा पर्छन् । सचेत एवं सार्वजनिक पदमा रहेका महिलाहरूले समेत चरम डिजिटल हिंसा भोग्नुपरेको खुलासा गरेका छन् ।

लैगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत 'म बोल्छु' कार्यक्रमका केही सहभागीहरूले त्यस्तो अनुसभव सुनाए । प्रविधिबाट हुने लैंगिक हिंसामा मौनताको अन्त्य गर्न त्यस्तो अभियान थालिएको हो । अधिवक्ता खिमा रिजालले श्रीमान गुमाएको २० वर्ष बित्यो । त्यसयता उनले धैरै डिजिटल हिंसा भोग्न परेको बताइन् । 'श्रीमान् नहुँदा पारिवारिक, सामाजिक हिंसा त छँदै थियो, त्यसमा डरलाग्दोसँग डिजिटल हिंसा पनि भोगेको छु,' उनले भनिन् ।

त्यस्तो हिंसाका पीडक पनि सामाजिक रूपमा चिनिएकै अनुहार छन् । बाहिर भद्र देखिने पुरुषहरूबाटै डिजिटल हिंसा भोगेको उल्लेख गर्दै रिजाल भन्छिन्, 'वान नाइट स्टेका प्रस्ताव राख्छन्, अनेक भनेर मानसिक तनाव दिन्छन् ।' एकल महिलालाई रातमा भिडियो कल गर्ने, नाजायज सम्बन्धको प्रस्ताव गर्ने गरिएको उनले बताइन् । त्यसरी सताइनेमा जीवनसाथी गुमाएका एकल एवं डिभोर्सी महिला धैरै छन् ।


गायक प्रकाश सपुतले पुरुष कलाकारको तुलनामा महिला कलाकार बढी नै डिजिटल हिंसामा परेको बताए । 'सामाजिक क्षेत्रमा राम्रो योगदान गरेका हुन्छन् तर महिला भएकै कारण चरित्रमा प्रश्न तेर्साएर गालीगलौज गर्छन्,' उनले भने, 'जबसम्म आफूले भोग्दैनन्, तबसम्म अरूको बारेमा »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१३ मंसिर २०८२ शनिबार
29 November 2025 Saturday

कभर स्टोरी

# दलभित्र दलन







सभामा समानुपातिक सूचीबाट सभासद् भएका विश्वकर्मा २०७० मा पराजित भए भने २०७४ र २०७९ का चुनावमा रूपन्देही-१ बाट प्रत्यक्ष निर्वाचित भए । तर जनमतसहित संसद्मा पुग्दासमेत पार्टी नेतृत्वले उनलाई पत्याएन ।

एमालेमा उनको योगदान अर्को कुनै पदाधिकारीभन्दा कम छैन । विश्वकर्माले २०३७ सालमा तत्कालीन नेकपा (माले)बाट राजनीति सुरु गरेका थिए । उनी २०३८/३९ सालमा बुटवल बहुमुखी क्याम्पसको स्ववियु उपसभापति पनि निर्वाचित भए । विद्यार्थी राजनीतिसँगै जातीय विभेदविरुद्धको आन्दोलनमा सक्रिय उनी तत्कालीन मालेले गठन गरेको जातीय उत्थान मञ्चका संस्थापकसमेत हुन् । २०५५ मा मुक्ति समाजको केन्द्रीय अध्यक्षसमेत भए । त्यसअघि उनी एमालेको स्थायी कमिटी, केन्द्रीय कमिटी र भारत प्रवास इन्चार्ज भइसकेका थिए । जनकपुरको सातौं महाधिवेशनमा खुला प्रतिस्पर्धाबाट वैकल्पिक केन्द्रीय सदस्य निर्वाचित भएका उनी आठौं महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित भई पोलिटब्युरो सदस्य बने । २०७१ को नवौं महाधिवेशनपछि स्थायी समिति सदस्य बनेका उनी १०औंमा पार्टी सचिव बने । एमाले ११औं महाधिवेशनको संघारमा रहँदा विश्वकर्मा पार्टी उपाध्यक्षको लाइनमा छन् । 'नेता कमरेडहरूसँग सल्लाह भइसकेको छैन । तर मेरो योग्यता, क्षमता र समुदायको प्रतिनिधित्वका दृष्टिले उपाध्यक्ष उपयुक्त हुन्छ भन्ने सुझाव पाइरहेको छु,' उनी भन्छन् । दलभित्र दलित नेतालाई नेतृत्वले कति अपहेलित गर्छ भन्ने अर्को जिउँदो उदाहरण हुन्, तिलक परियार । भलै, उत्तरार्धमा उनी प्रदेश प्रमुखसम्म भए । स्नातक पूरा गरेर शिक्षक रहेका उनी उत्पीडित समुदायको मुक्तिको खोजीमा सबै छाडेर कम्युनिस्ट पार्टीमा लागे । तर केन्द्रीय सदस्य बनाउनसमेत नेतृत्व हिच्किचायो । जबकि डा. बाबुराम भट्टराईलाई पार्टी सदस्यता उनैले दिएका थिए । चौथो महाधिवेशनअघि नै संगठन निर्माणमा जुटेका उनी २०४६ सालको जनआन्दोलनमा सहभागी भए । चौम, मसाल हुँदै माओवादी बनेर दशक लामो सशस्त्र विद्रोहमा सामेल हुँदासमेत परियारले केन्द्रीय सदस्य पाएनन् । पार्टी नेतृत्वमा पुग्न नेकपा माओवादी विभाजन हुनुपर्‍यो । मोहन वैद्य समूहमा लागेर पार्टी विभाजनपछि मात्र उनी केन्द्रीय सदस्य बने । उक्त पार्टी पनि विभाजन भएपछि उनी नेत्रविक्रम चन्द विप्लवतर्फ लागे । त्यहाँबाट फर्किएपछि मात्र तत्कालीन माओवादी केन्द्रमा केन्द्रीय सदस्य र पछि प्रदेश प्रमुख भएका हुन् ।

नेपाली कम्युनिस्ट पार्टीका नेता महेश्वर गहतराज 'अथक' दलहरूको नेतृत्वको पृष्ठभूमिका कारण दलित समुदायबाट सहज नेतृत्व विकास हुन नसकेको बताउँछन् । 'सबैजसो पार्टीका नेताहरू जुन सामन्तवादी र ब्राह्मणवादी सोचबाट आएका छन्, उनीहरूले अरूमा श्रेष्ठता देख्नै सक्दैनन्,' उनी भन्छन्, 'मनुवादमा आधारित सोचले आफूमा मात्र सर्वश्रेष्ठता देख्छ, आफू मात्र सक्षम ठान्छ । दलित, जनजाति र महिलाले सक्दैनन् भन्ने त्यही मानसिकता हो ।'

अथकले कम्युनिस्ट पार्टीको सेल कमिटीदेखि स्थायी कमिटीमा पुग्दासम्म कहिल्यै आरक्षण खोजेनन् । माओवादी 'जनयुद्ध'मा उनको योगदान वर्षमान पुन, जनार्दन शर्मा, जोगबहादुर महरा वा चक्रपाणि खनालभन्दा कुनै पनि कोणबाट कम थिएन । तर उनी पदाधिकारीका लागि पत्याइएनन् । 'उत्पीडित समुदायलाई जिम्मेवारी दिन नेतृत्व सधैं हिच्किचाउँछ । अरूले अनेक घेराबन्दी र बार्गेनिङ गर्छन्, मैले त्यो जानिनँ' अथक भन्छन् ।

दलित नेतालाई नपत्याउने मात्र होइन, कामको मूल्यांकनसमेत नहुने उनको अनुभव छ । हरेक मन्त्रिपरिषद्मा दलितलाई कि राज्यमन्त्रीमै थन्काइन्छ, मन्त्री दिइहाले कमजोर ठानिएका मन्त्रालय दिइन्छ । शिक्षाबाट फुटाएर बनाएको युवा तथा खेलकुद मन्त्रालय त्यस्तैमा पर्छ । त्यहाँ निरन्तर दलित समुदायबाट दलजीत सेर्पाली, जगत् विश्वकर्मा र अथकलाई मन्त्री बनाइयो । तर संयोग उनीहरू हुँदा मात्र राष्ट्रिय खेलकुद निरन्तर हुन सक्यो । 'यसको पनि मूल्यांकन छैन,' अथक भन्छन् ।

पछिल्लो समय संसद्मा दलित प्रतिनिधित्वलाई समानुपातिक कोटामा सीमित गर्न खोजिएको प्रस्टै देखिन्छ । गत निर्वाचनमा १ सय ६५ निर्वाचन क्षेत्रमध्ये एक जनाले मात्र चुनाव जित्नुले दलहरू प्रतिस्पर्धी दलित नेता चाहँदैनन् भन्ने देखाउँछ । 'जबकि महिला, जनजाति र दलित नै स्थायी मतदाता हुन् । तैपनि महिलाले जित्दैनन्, दलितलाई कथित उच्च जातिकाले भोट दिँदैनन् भन्ने मानसिकता राखेर टिकट बाँडिन्छ,' अथक भन्छन्, 'उत्पीडतले सक्दैनन् भन्ने पार्टीसत्ता र राज्यसत्ता रहेसम्म यस्तै हुन्छ ।'

अनेक वैचारिक कारण देखाए पनि नेतृत्वको स्वाभाविक विकास नभएकै कारण साबिकको माओवादी धारबाट आहुति, खड्गबहादुर विश्वकर्मालगायत धेरै नेताहरू अन्यत्र सरेका छन् । सशस्त्र संघर्षमा ठुलो साथ र बलिदान दिएको दलित समुदायबाट नयाँ पुस्ताका नेताहरू खासै देखिएका छैनन् । जेजति छन्, उनीहरू पनि नेतृत्वको माथिल्लो तहसम्म पुग्ने सम्भावना कमै देखिन्छ । भर्खरै एकीकृत समाजवादीलगायत एक दर्जन धेरै दल/समूहबीच एकताबाट बनेको नेपाली कम्युनिस्ट पार्टीको १ सय ३८ सदस्यीय केन्द्रीय कमिटीमा पाँच जना मात्र दलित नेता हुनुले पनि सोही संकेत गर्दछ ।

२०१५ सालमै प्रत्यक्ष सांसद् निर्वाचित गर्नुका साथै मन्त्री बनाएको दल हो, नेपाली कांग्रेस । तर पछिल्ला निर्वाचनमा दलितलाई टिकट दिनै कन्जुस्याइँ गर्दै आएको छ । विधानतः दलित सहमहामन्त्री बनेबाहेक मूल नेतृत्वमा पुग्ने धेरै बाटोहरू अवरुद्ध देखिन्छन् । विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल कांग्रेसमा जीवन परियार, मीनबहादुर विश्वकर्मा र मानबहादुर विश्वकर्मा मात्र देखिने दलित नेता छन् ।

२०६२/६३ को परिवर्तनपछि संसद्मा दलित प्रतिनिधित्व एकाएक बढेको थियो । तर झन्डै १३ प्रतिशत जनसंख्याको प्रतिनिधित्व भने कहिल्यै हुन सकेको छैन । २०६४ को पहिलो संविधान सभामा ६ सय १ मध्ये ५१ अर्थात् ८ दशमलव ४८ प्रतिशत दलित प्रतिनिधित्व थियो । त्यस्तै, २०७० मा ४१ अर्थात् ६ दशमलव ८२ प्रतिशत दलित संसद्मा पुगे भने २०७४ मा २ सय ७५ सदस्यमध्ये १९ अर्थात् ६ दशमलव ९ प्रतिशत दलित थिए । २०७९ को आमचुनावमा त्यो पनि घटेर ५ दशमलव ८ प्रतिशतमा झरेको छ । गत आमचुनावमा दलिततर्फ प्रत्यक्ष चुनाव जित्ने एक्ला सांसद् छविलाल विश्वकर्मा भन्छन्, दलभित्र दलितहरू दलनमा परेकै हुन् नि । तथ्यले त्यही देखाउँछ ।'

परिवर्तनका लागि रगत र पसिना बगाउने समुदाय अवसर पाउनेबेलामा सधैं उपेक्षित र ओझेलमा पारिँदै आएको उनी बताउँछन् । 'दलितलाई टिकट दिनै खोजिँदैन । कुनैबेला हामीलाई हार्ने ठाउँमा भए पनि देऊ भन्नुपर्ने स्थिति आयो,' विश्वकर्मा भन्छन्, 'निर्वाचन क्षेत्रमै समानुपातिक प्रतिनिधित्व हुनेगरी छुट्याउने विधिमा नगई यो स्थिति तोडिन मुस्किल छ ।'

एमाले, नेकपा र कांग्रेसका दलित नेताहरू यस मुद्दामा एक मत छन् । साथै समावेशी अवसर बढाउनुपर्नेमा पनि उनीहरूको जोड छ । एकल जातीय प्रभुत्व हटाउन नेपाललाई समावेशी राज्य प्रणालीमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिए पनि त्यो अति कम भएको बताउँछन्, कांग्रेस प्रवक्ता विश्वकर्मा । 'इतिहासको लामो विभेदकारी शासन व्यवस्थाका कारण अन्याय, अत्याचार, विभेद र शोषणको सिकार भई दयनीय जीवनयापन गरिरहेको समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन अवसर बढाउनुपर्छ,' उनी भन्छन् ।

## नेतृत्वमा सन्तोष, दुर्गा र खगेन्द्रहरू



जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा मुलुकको नेतृत्व हाँक्न तयार भएकाहरूमा एक हुन्- सन्तोष परियार । परियार समेतको पहलमा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) बनेको छ । यो पार्टी ठुला पार्टीबाट विद्रोह गर्नेहरूले बनाएको पार्टी हो ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादीसहितका वामपन्थी दल समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको छ । यसमा सहभागी नभएर नेताद्वय जनार्दन शर्मा र सुदन किराती प्रलोपा गठनमा लागे । यसमा पूर्वप्रधानमन्त्री समेत डा. बाबुराम भट्टराईसमेत जोडिएका छन् । यस पार्टीको अध्यक्ष परिषदका एक जना सदस्य हुन् सन्तोष परियार ।


यही मंसिर ७ गते काठमाडौंमा सम्पन्न एकता सभाको अध्यक्षता परियारले गरेका थिए । अर्थात् एउटा समूहको नेतृत्व तहमा उनी पुगेका छन् ।

२०४० सालमा भक्तपुरको गुन्डुमा जन्मिएका सन्तोष गुन्डुमा दलित समुदायबाट एसएलसी पास गर्ने पहिलो व्यक्ति हुन् । त्रिभुवन विश्वविद्यालमा द्वन्द्व, शान्ति र विकासमा स्नातकोत्तर गरेका उनलाई सोही विषयमा पढ्न नर्वेबाट फेलोसिप प्राप्त भएको थियो । एमालेको राजनीति सुरु गरेका उनी युवासंघको केन्द्रीय विदेश विभागमा रहेर काम गरे । तर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ५ पुस २०७७ मा प्रतिनिधि सभा विघटन गरेसँगै सन्तोष एमालेबाट टाढा भए । ओलीको संसद् विघटनलाई 'प्रतिगमन' भन्दै उनी नागरिक आन्दोलनमा होमिएका थिए । नागरिक अगुवाका रूपमा अघि बढेका परियार वैकल्पिक शक्तिका रूपमा उदाएको रास्वपामा २०७९ मा प्रवेश गरेर समानुपातिक सांसद हुँदै प्रमुख सचेतकसमेत बनिसकेका छन् ।

पछिल्लोपटक रास्वपासँग असन्तुष्ट बनेका उनले नयाँ अभियान रोजेका हुन् । परियार नागरिकहरू सधैं गरिब भइरहनुको कारण राजनीतिक नेतृत्वले जनतालाई केन्द्रमा राखेर काम नगर्नु रहेको बताउँछन् । अग्रजको अनुभव, जेनजी पुस्ताको संघर्ष र मेहनतले अहिलेको संकट समाधान गर्न नयाँ राजनीतिक यात्राको आवश्यकता देखेरै प्रगतिशील लोकतान्त्रिक पार्टी बनाउने अभियानमा जोडिएको उनको प्रस्टीकरण छ ।

'राज्यको नीति निर्माण तहमा पुग्नेबेलामा दलित समुदायमाथि गरिने व्यवहार र समाजको सोच बदल्ने कुरा राजनीतिक तवरबाटै सम्भव छ भनेर राजनीतिक अभियानमा लाग्यौं,' परियारले मध्यान्हसँग भने, 'तर अझै राजनीतिक नेतृत्वको व्यवहार बदल्न सकिएको छैन । त्यसका लागि हामी आफैंले नेतृत्व गरेर अभियानलाई सर्थक बनाउनुपर्छ भन्ने आँट गरेका छौं । यस अभियानमा सबैको सहयोग आवश्यक पर्छ ।'

### राजनीतिक डोब बनाउँदै सोब



प्रलोपामा पाँच सदस्यीय अध्यक्ष परिषद् छ । अध्यक्ष परिषद्मा सन्तोष परियासँगै दुर्गा सोब पनि छिन् । सोब आफैंमा दबाइएका समुदायबाट अगाडि बढ्दै गरेकी नेतृत्व हुन् । उनी राजनीतिमा निरन्तर आफ्नो डोब (छाप) बनाउँदै अगाडि बढ्दै गरेकी उदाउँदी नेता हुन् ।

तत्कालीन नेकपा समाजवादी पार्टीकी उपाध्यक्ष दुर्गालाई अध्यक्ष परिषद्मा ल्याउन नेसपाको भूमिका महत्वपूर्ण छ । किनकि उनी नेसपामै उपाध्यक्ष हुँदै विशेष महाधिवेशन आयोजक समितिको संयोजक चयन भएकी थिइन् । जेनजी आन्दोलनपछि डा. बाबुराम भट्टराईले पार्टीको नेतृत्वबाट बाहिरिँदै केन्द्रीय समिति भंग गरी महाधिवेशन आयोजक समिति बनाएका थिए । त्यसको संयोजक सोबले पाएकी थिइन् ।

लामो समय अधिकारको आन्दोलनबाट आएकी उनी पार्टीमा समेत पहिलेदेखि नै सक्रिय थिइन् । जेनजी आन्दोलनकै कारण उनी नेतृत्वमा आउन सफल भएकी हुन् ।

दलित महिला संघ (फेडो)की संस्थापक अध्यक्ष भएर काम गरेकी सोबले दलित समुदायबारे संवैधानिक व्यवस्थालाई एकीकृत कानुन बनाएर कार्यान्वयनमा ल्याउनुपर्ने बताउँछिन् ।

'जसरी प्रत्येक वडामा एक जना दलित महिलाको प्रतिनिधित्वलाई बाध्यकारी बनाइएको छ, त्यसरी नै राज्यका अन्य निकायमा पनि दलित महिलाको प्रतिनिधित्व बढाउन कानुनी रूपमा बाध्यकारी व्यवस्था गर्नुपर्छ,' उनले भनिन्, 'मुख्य कुरा राजनीतिक दलका शीर्ष नेताको सोचमा परिवर्तन आउन जरुरी छ ।'

महिलाको प्रतिनिधित्व ३३ प्रतिशतलाई १०० प्रतिशत मानेर त्यसभित्र दलित महिलाको जनसंख्याका आधारमा राजनीति तथा प्रशासनिक निकायमा लाग्नुपर्ने उनको भनाइ छ । 'दलित महिला अहिलेसम्म क्याबिनेट मन्त्री भएका छैनन्,' सोबले भनिन्, 'मन्त्रिपरिषद्मा दलित महिलालाई ल्याउन कानुनी व्यवस्था हुनुपर्छ । त्यसका लागि हामी निरन्तर क्रियाशील छौं र पार्टीहरूमा पनि नेतृत्व तहमा दलित महिला पुग्न सक्ने वातावरण बनाउँदै जानुपर्छ ।'

निर्वाचनको समयमा दलित महिलाका लागि टिकट दिनुपर्ने र सरकारमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने उनको जोड छ । सरकारमा दलित महिलाको सहभागिता हेर्दा २०६६ सालमा दलित महिलाबाट पहिलोपटक कलावती पासवान भौतिक पूर्वाधार तथा निर्माण सहायकमन्त्री बनेकी थिइन् । त्यसपछि २०६८ सालमा रजनी राम (राज्यमन्त्री), धनमाया विक (राज्यमन्त्री), विमला विक (राज्यमन्त्री), आशा विक (राज्यमन्त्री), सुशीला श्रीपाली ठकुरी (राज्यमन्त्री) र रुपा विक (राज्यमन्त्री) बनेका छन् ।

यस्तो तथ्यांकमा हेरफेर ल्याउने र राज्य सञ्चालनमा सीमान्तकृत समुदायको उपस्थिति बढाउने उद्देश्यसहित सन्तोष र दुर्गा नयाँ पार्टी बनाएर मुलुकको राजनीतिक हाँक्न तम्सिएका हुन् ।

### सडकबाट सदन ताक्दै खगेन्द्र



खगेन्द्र सुनार दलित अधिकारकर्मीका रूपमा चर्चित अनुहार हो । जेनजी आन्दोलनपछि उनले पनि आफ्नै नेतृत्वमा दल दर्ता गरे- हाम्रो पार्टी नेपाल । निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाएपछि उनले भनेका छन्, 'विगतमा सडकबाट उठाइरहेको आवाज अब संसद् (सदन)मा उठाइन्छ । मुलुकको मूल नेतृत्वसम्म सबै सीमान्तकृत समुदायको उपस्थिति र अपनत्व दिलाइन्छ ।'

खगेन्द्र रुकुमपश्चिमको चौरजहारी नगरपालिका-८ सोतीमा २०७७ जेठ १० गते भएको सामूहिक हत्याकाण्डपछि अधिकारकर्मीका रूपमा उदाएका हुन् । जाजरकोट रानागाउँका नवराज विकसहित ६ युवाको सामूहिक हत्यामा संलग्नलाई जोगाउने राजनीतिक चलखेल भएको थियो । त्यसविरुद्ध निरन्तर चलेको सडक संघर्षमा दलित अधिकारकर्मी सुनारको योगदान महत्वपूर्ण छ । त्यहीबाट उनलाई समाजले चिन्न पाए ।

खगेन्द्रसहित अधिकारको पक्षमा वकालत गर्नेहरूलाई सम्मान गर्न नवराजका बुवा मोहन विकसहितको टोली रुकुम अदालतको गेटमा एक बोरा फूलमाला लिएर गएका थिए । अर्थात् सीमान्तकृत समुदायको अपेक्षा खगेन्द्रसँग कस्तो छ भन्ने ती दृश्यले देखाउँछन् ।

दैलेखमा जन्मिएका खगेन्द्र नेपाली कांग्रेसको १४औं महाधिवेशनमा त्यहीबाट महाधिवेशन प्रतिनिधि थिए । तर केही समयदेखि कांग्रेसको राजनीति छाडेर दलित अधिकार र भ्रष्टाचारविरोधी अभियानमा जोडिए । पार्टीमै रहिरहेको भए खगेन्द्रलाई फेरि त्यही महाधिवेशन प्रतिनिधिसमेत निकै पापड बेल्नुपर्थ्यो । तर त्यो छाडेर आफैं पार्टी बनाएर अगाडि बढे ।

कांग्रेसको राजनीति छाडेर नयाँ अभियानमा लागेका सुनारको हाम्रो पार्टी नेपाल निर्वाचन आयोग नेपालमा २१६ नम्बरमा दर्ता भएको छ । सो पार्टीको चुनाव चिह्न गोलो घेराभित्र राम्रो जनाउने लाइक रहेको छ । दल दर्ताको प्रमाणपत्र लिन बाजागाजासहित खगेन्द्र आयोग पुगेका थिए । त्यसक्रममा उनले आसन्न प्रतिनिधि सभाको निर्वाचनमा आफ्नो पार्टी मजबुत राजनीतिक शक्तिका रूपमा उदाउने दाबी गरे ।

'राजनीतिक कोर्स र देशलाई सही ढंगले दिशानिर्देश गर्दै पार्टीले आफ्नो गतिविधि अघि बढाउनेछ,' उनले भनेका छन्, 'मुलुक नयाँ राजनीतिक परिवेशमा अघि बढेको र निर्वाचनमय भएको अवस्थामा नयाँ दलहरू दर्ता हुनु स्वाभाविक हो । धेरै शक्तिहरूको संघर्षपछि एउटा बलियो राजनीतिक शक्ति निर्माण हुने निश्चित छ ।'

राजनीतिक, प्रशासनिक र संवैधानिक निकायहरूमा दलितलाई दबाइएको प्रति सुनारले पुराना राजनीतिक दलमाथि गहिरो टिप्पणी गर्दै आएका छन् । 'पुराना राजनीतिक दलहरूले दलितका नाममा झुटको खेती गरे,' उनले भने, 'आरक्षण, समानुपातिक समावेशीको व्यवस्था संविधानले गरेको भए पनि राज्यका सबै निकायमा दलित समुदायको प्रतिनिधित्व सिंहदरबारदेखि संवैधानिक निकायमा दलितलाई रोक लगाइयो ।'

आफ्नै नेतृत्वमा दल दर्ता गरेपछि पनि उनी नयाँ राजनीतिक शक्तिबीच एकताको प्रयासमा छन् । कुलमान घिसिङ समर्थित उज्यालो नेपाल पार्टीको चुनाव चिह्नमा चुनाव लड्नै तयार भएका छन् । अर्थात् जसरी हुन्छ शक्ति आर्जन गर्ने र मुलुकको शासन/प्रशासनमा दबाइएका र सीमान्तकृत समुदायको पहुँच र अपनत्व दुवै बढाउने खगेन्द्रको ध्येय छ ।

सन्तोष परियार, दुर्गा सोब र खगेन्द्र सुनार केही प्रतिनिधि पात्र हुन् जो समावेशी नेपाल चाहन्छन् । यसकारण उनीहरू सदियौंदेखि गढेर रहेको उँच र निचको संस्कृत सदाका लागि तोड्ने अभियानअन्तर्गत राजनीतिक नेतृत्व लिँदै छन् । यसका लागि पुराना राजनीतिक दलमा संघर्ष नगरेका होइनन् । पार नलागेपछि आफैं दल गठन र पुनर्गठन गर्दै अगाडि बढेका छन् ।

## विधिले थिचिए, व्यवहारमा मिचिए

राष्ट्रिय सभा सदस्य विष्णुबहादुर विश्वकर्मा नेपालमा जात व्यवस्था कस्तो छ र कसरी सीमान्तकृत समुदायले राज्यसत्ताप्रति अपनत्व लिन सकिरहेका छैनन् भन्ने एक उदाहरण हुन् । भलै उनी नेपालको नीति बनाउने सर्वोच्च थलो संघीय संसद्अन्तर्गतको राष्ट्रिय सभा सदस्य छन् । विष्णुबहादुर कर्णाली सेरापाटा माल्कोटका हुन् । २०१९ सालमा जन्मिएका विष्णुबहादुरले अनेक तरहका अप्ठ्यारा र अपहेलाना सहँदै २०४० सालमा माध्यमिक तहको पढाइ सकाए । त्यसपछि शिक्षकको जागिर खोजे, पाएनन् । त्यसपछि राजनीतिमा लागे । लामो राजनीतिक जीवनपछि २०८० साल माघमा कर्णाली प्रदेशबाट राष्ट्रिय सभा सदस्यको चुनाव जिते । चुनाव जितेपछि उनले भनेका थिए, 'माध्यमिक तहको पढाइ सकेपछि पाँचपटक भन्दा बढी जागिरका लागि कोसिस गरें । कामीको छोरो, केटाकेटीको खाजा छोइन्छ भनेर जागिर पाइएन ।' अर्थात्, सीमान्तकृत समुदायका सन्तानले पढेर मात्रै भएन । पढाउने जागिरका लागि जात तगारो बन्यो ।

नेपालको पञ्चायती व्यवस्था, बहुदल, संघीय लोकतान्त्रिक गणतन्त्र र पछिल्लो समयको जेनजी विद्रोह देखेका र भोगेका विश्वकर्मा अहिले के सोचिरहेका होलान् ? संसदीय समितिको बैठकहरूमा भने उनी अझै पनि विद्रोही सुनिन्छन् । किनभने अनेक संघर्ष गरेर समानताका लागि बनेका र बनाइएका नीति, थिति र विधि फेरि पनि कार्यान्वयनमा छैनन् ।

यही मंसिर १ गते राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले 'नेपालको संविधान धारा ४० बमोजिम दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्ने विधेयक तर्जुमा बारेमा छलफल' राखेको थियो । सो बैठकमा बोल्दै विश्वकर्माले भने, 'हामी यति सहनशील रहेछौं कि संविधान बनेको १० वर्षसम्म पनि मौलिक हक कार्यान्वयन होला भनेर पर्खिन सक्दा रहेछौं । अब मौन रहन सक्ने अवस्था छैन । अधिकार नपाए फेरि अर्को विद्रोह स्वाभाविक छ ।'




अर्थात्, संघर्ष गर्दागर्दा संवैधानिक अधिकारको समेत उपयोग गर्न नपाएकोमा उनको आक्रोश छ । जबकि उनी आफैं नीति बनाउने र कार्यान्वयन गर्न दबाब सिर्जना गर्न सक्ने हैसियतमा छन् । कार्यान्वयन गर्ने ठाउँमा फेरि पनि जबरजस्त रूपमा सीमान्तकृत समुदायको पहुँच पुग्न सकेको छैन । परिणाममा विष्णुबहादुर उस्तै विद्रोही छन् । किनभने दलितको हक के हो ? संविधानमा के लेखिएको छ भन्नेमा कोही द्विविधामा छैनन् । दलितमाथि विभेद गर्नेलाई दण्डित गर्नुपर्ने र दलित समुदायलाई विशेष सुविधा दिनुपर्नेमा सबै सहमत हुन्छन् । तर व्यवहारमा बनेका नीति, थिति र विधि कार्यान्वयनमा कमै मात्र गएका छन् ।

### नीतिका ताँती, तर्क नानाभाँती

नेपालमा छुवाछुतको सुरुवात नीतिबाटै भएको हो । खुकुलोपन गराउने प्रयास नीतिमै भएका छन् । कस्ता नीति बने र कसरी कार्यान्वयनमा आउन सकेनन् भन्ने विषय आफैं रोचक र घोचक छ ।

ग्राफमा हेर्दा मुलुकी ऐन विसं १९१० बनेपछि जात विभाजन भएको हो । तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले मुलुकी ऐन जारी गर्दै विधिबाटै अछुत बनाइएका दलितहरूलाई पानी नचल्ने जातका रूपमा कानुनी मान्यता दिए । छुवाछुतयुक्त वर्ण व्यवस्थालाई लिखित रूपमै संस्थागत गरे । यस्तो कार्यविरुद्ध जनतामा विद्रोह थियो । तर त्यो प्रकट हुन सक्ने अवस्था थिएन । बरु विभेदमै समाज अभ्यस्त भयो ।

विसं २००७ सालमा राजनीतिक परिवर्तन आएपछि सहर बजारमा छुवाछुत र विभेद सम्बन्धमा केही मात्रामा खुकुलोपन ल्याउने प्रयास भयो । तर दलितहरूको मुक्तिका निम्ति आधारभूत कदम चाल्न कसैले सकेन । विसं २०१७ सालमा पञ्चायती प्रणाली सुरु भएपश्चात् राजा महेन्द्रले विसं २०१९ सालमा नेपाललाई हिन्दू अधिराज्य भनी किटान गर्दै संविधान जारी गरे । जसले छुवाछुतलाई नै मलजल गर्‍यो ।

तथापि विसं २०२० सालमा नयाँ मुलुकी ऐन जारी भयो । उक्त ऐनमा छुवाछुत र जातपातका आधारमा विभेद गर्न नपाइने उल्लेख भयो तर त्यसो गरेमा कानुनी सजाय के हुने भन्ने व्यवस्था राखिएन । बरु सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने भनी व्याख्या गरिएको थियो जसले छुवाछुत र जातपातका आधारमा विभेद गर्न नपाइने प्रावधान व्यर्थ हुन पुग्यो । यसरी ३० वर्षको पञ्चायतकालभरि दलितको आर्थिक दरिद्रता र अपमानजनक सामाजिक स्थिति कायम रहिरह्यो । विसं २०४६ सालको जनआन्दोलनले पञ्चायती राजनीतिक प्रणालीलाई अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय प्रणाली स्थापना भएपछि फेरि छुवाछुतविरुद्ध केही आवाज उठ्न थाले ।

नेपाल अधिराज्यको संविधान २०४७ मा जातपातका आधारमा विभेद गर्न नपाइने स्पष्ट व्यवस्था भयो । केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०४८ ले भेदभावपूर्ण व्यवहार गर्ने व्यक्तिलाई दण्ड सजाय हुने व्यवस्था गर्‍यो । तर व्यवहारमा पूर्णतः लागू हुन सकेन ।

विसं २०५८ चैत ६ गते तत्कालीन श्री ५ को सरकारको गठन आदेशबाट राष्ट्रिय दलित आयोगको स्थापना भयो । तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धमा दलितको सहभागिता बढ्दो थियो, अन्य सीमान्तकृत समुदायले उक्त युद्धलाई साथ दिएका थिए । त्यसलाई मथ्थर पार्ने प्रयासमा तत्कालीन राजा ज्ञानेन्द्रले दलित आयोग गठन गरेका थिए ।

२०६२/६३ सालका जनआन्दोलनपछि भने दलितहरूले आफूलाई अगाडि बढाउने वातावरण थप केही पाए । नेपाललाई विसं २०६३ जेठ २१ गते जातीय छुवाछुत तथा भेदभावमुक्त राष्ट्र घोषणा गरियो । सोही दिनलाई जातीय छुवाछुत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस भनेर मनाउन थालिएको छ । अर्थात् विधिबाटै सुरुवात भएको जात व्यवस्था र छुवाछुतको प्रथा अन्त्य गर्न नै १ सय ५३ वर्ष लाग्यो । फेरि पनि व्यवहार पूर्णतः फेरिएको छैन । जातीय छुवाछुत तथा भेदभावमुक्त राष्ट्र घोषणा भएको दुई दशकसम्म पनि दलित समुदायले पूर्ण स्वतन्त्रताको महसुस गर्न पाएका छैनन् ।

विसं २०६८ मा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन लागू भयो । उक्त ऐनमा जातीय विभेद तथा छुवाछुत गर्नेलाई कैद तथा जरिमानाको व्यवस्था गरिएको छ । नेपालको संविधानको प्रस्तावनामै जातीय विभेद र सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख भएको छ ।

नेपालको संविधान २०७२ मा त दलित समुदायका लागि विशेष व्यवस्था छ । संविधान धारा ४० ले दलित समुदायका लागि आर्थिक-सामाजिक हित सुनिश्चित गरेको छ । जहाँ राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने उल्लेख छ ।

सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था सुनिश्चित गरिएको छ । दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने व्यवस्था धारा ४० मै छ ।

तर यो संवैधानिक व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन । कारण- यससम्बन्धी ऐन नै बन्न सकेको छैन । राष्ट्रिय सभा सदस्य विष्णुबहादुरका अनुसार संविधानतः प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था हुनुपर्ने हो । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनुपर्ने हो । तर संविधान कार्यान्वयनका लागि आवश्यक त्यही संघीय कानुन नबन्दा दलितले संवैधानिक रूपमा लिएको अधिकार उपभोग गर्न पाएका छैनन् ।

संविधानको धारा ४० मै दलित समुदायको परम्परागत सिपको सन्दर्भमा आफ्नो परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने भनिएको छ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलब्ध गराउने उल्लेख छ ।

यी कुनै पनि व्यवस्थाको सही अर्थमा कार्यान्वयन हुन सकिरहेको छैन । संविधानतः राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ । राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नुपर्नेछ ।

संविधानमा उल्लेखित मौलिक हक कार्यान्वयनसम्बन्धी संघीय ऐन संविधान जारी भएको तीन वर्षभित्र बनिसक्नुपर्ने थियो । तर एक दशकसम्म कुर्दासमेत आउन सकेको छैन । यसकारण पनि दलित समुदायले पूर्ण स्वतन्त्रताको महसुस गर्न नपाएका हुन् ।

# सेनालाई प्रधानमन्त्रीको निर्देशन– एक थोपा रगत नबग्नेगरी चुनावमा खटिनुस्



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्तिसुरक्षा बहाल गराई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने काममा नेपाली सेनाको महत्वपूर्ण भूमिका रहेको बताएकी छन् ।

शुक्रबार भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयको निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले सरकारलाई प्राप्त जिम्मेवारीबमोजिम शान्तिसुरक्षाको प्रत्याभूतिसहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी राष्ट्रिय अभिभारा पूरा गर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको स्पष्ट पारिन् ।

गौरवमय इतिहास भएको नेपाली सेनाले निर्वाचन सुरक्षाका क्रममा यसअघि जस्तै प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास व्यक्त गरिन् । 'जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छु', प्रधानमन्त्रीले भनिन् ।

आगामी निर्वाचनका क्रममा नागरिकको ज्यान जाने र घाइते हुने अवस्था आउन नहुनेमा जोड दिँदै प्रधानमन्त्रीले यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्न निर्देशन दिइन् ।

प्रधानमन्त्रीले जेनजी आन्दोलनका क्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्य गर्न, मुलुकमा शान्ति सुरक्षा सुनिश्चित गर्न तथा फरार अपराधी पक्रन खटिएका प्रहरीलाई सहयोग गर्न पनि निर्देशन दिइन् ।

जंगी अड्डा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षा तयारीबारे जानकारी लिनुभयो । यसैगरी सेनाले हालको सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे 'ब्रिफिङ' गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरण दिइएको थियो ।

प्रधानमन्त्रीलगायत भ्रमण टोलीमा संलग्न विशिष्ट पदाधिकारीहरुलाई प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गरेका थिए । निरीक्षण भ्रमण टोलीमा गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्याललगायत विशिष्ट अधिकारीको उपस्थिति थियो ।

**प्रधानमन्त्री र जेनजी अगुवाबीच भेटवार्ता**

प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार जेनजी आन्दोलनका अगुवा प्रतिनिधिहरूसँग छलफल गरेकी छन् । सरकार र आन्दोलनकारीबीच हुन लागेको सम्झौताको मस्यौदालाई अन्तिम रूप दिने विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावतले जानकारी दिए ।

सोही अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा जेनजी प्रतिनिधिहरूले सम्झौतामा हस्ताक्षर गर्ने काम चाँडो टुंगो लगाउन आग्रह गरेका थिए । सरकारका अधिकारीहरूले जेनजीका तर्फबाट प्राप्त दस्तावेज अध्ययन गरी अन्तिम रूप दिने क्रममै रहेको बताएका थिए ।

प्रधानमन्त्री कार्कीले यो विषय चाँडो टुंग्याउन निर्देशन दिइन् । उनले भनिन्,'अब यो विषय धेरै लम्ब्याउनु हुँदैन । शनिबारको दिनसमेत काम गर्नुहोस्, आइतबार दिनभर लागे लागोस्, जेजे हेर्नुपर्छ हेर्नुहोस् । सोमबारभित्रमा अन्तिम रूप दिइएको हुनुपर्छ । अब धेरै दिन कुर्न सकिँदैन । हस्ताक्षर गरेकै कारणले केही व्यहोर्नुपरे म बेहोरौंला । मेरो सिंगो मन्त्रिपरिषद्ले त्यसको जिम्मेवारी लिन्छ । यो राजनीतिक दस्तावेज हो । कर्मचारी प्रशासकहरूले चिन्ता लिनु पर्दैन ।'

# संकट समाधानका लागि एउटै मोर्चा आवश्यक छ : प्रचण्ड



**सुदूरपश्चिम/मस–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रमा उत्पन्न संकट समाधानका लागि वामपन्थी र गैरवामपन्थी शक्तिलाई एउटै मोर्चामा ल्याउन जरुरी रहेको बताएका छन् ।

विभिन्न कम्युनिस्ट घटकहरु मिलेर गठन गरिएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को शुक्रबार धनगढीबाट सुरु गरिएको पार्टी एकता सन्देश सभामा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका दाहालले नेकपा पार्टीमा अन्य वामपन्थी र देशभक्तहरु केन्द्रित भएर अटाउन सक्ने बताए ।

भदौ २३ र २४ गतेको घटनापछिको परिस्थिति समाधानका लागि वामपन्थी प्रगतिशील, लोकतान्त्रिक शक्तिलाई नेपाली कम्युनिस्ट पार्टीको मोर्चामा ल्याउन पहल भइरहेको जानकारी दिए । हजो भए गरेका कमीकमजोरीको समीक्षा गरी महान उद्देश्य बोकेर नेकपाको निर्माण सुरु गरिएको स्पष्ट पार्दै उनले भने, 'नेकपाले कोरेको गोरेटो बाटोमा देश अघि बढ्दै छ, नेपालको एक नम्बर पार्टी नेकपा भइ छाड्छ ।'

देशभरका क्रान्तिकारीले नेकपालाई नयाँ आशा र भरोसाका साथ हेरिरहेको उल्लेख गर्दै बृहत् शक्ति निर्माणका लागि पार्टीमा ध्रुविकृत हुन सबैलाई अपिल गर्नुभयो । हाल उत्पन्न संकटको निकासका लागि निर्वाचनको विकल्प नदेखिएकाले निर्वाचनको वातावरण बनाउने काममा लाग्न नेता कार्यकर्तालाई उनले निर्देशन दिए ।

पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले वामपन्थी पार्टीहरुमा विगतमा भएका टुटफुटबाट शिक्षा लिएर नेपाली राजनीतिलाई स्वच्छ बनाउँदै नेकपा अघि बढ्न लागेको बताए । समाज रुपान्तरणका लागि पार्टीमा समाहित भएर अगाडि बढ्नमा सहयोग गर्न आग्रह गर्दै उनले भने,'नयाँ क्रान्तिकारी पार्टी बनाउने सोचले गठन भएको नेकपाले भ्रष्टाचार र बेथितिको अन्त्य र जनताको पक्षमा काम गर्ने संकल्प लिएको छ ।'

सो पार्टीका नेता भीमबहादुर रावलले देशको मुहार फेर्न गठन भएको नेकपाले देशलाई रुपान्तरण र परिवर्तन गर्न चाहेको बताए । उनले देशको स्वाधिनता र समृद्धिको यात्रालाई अगाडि बढाउन पार्टी क्रियाशील रहेको उल्लेख गरे । सन्देश सभामा पार्टीका नेता प्रकाश शाह, गिरीराजमणि पोखरेल, भानुभक्त जोशीलगायतले पार्टी गठन र समसामयिक राजनीतिका बारेमा बोलेका थिए ।

झण्डै एक दर्जनभन्दा बढी वाम घटक मिलेर गठन गरिएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले पार्टी एकता सन्देश आज पहिलो पटक सुदूरपश्चिम प्रदेशको धनगढीबाट सुरु गरेको हो । सन्देश सभास्थलमा अशान्ति हुन नपाओस् भनेर ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको थियो ।

# एमाले महाधिवेशनको प्रतिनिधि छनोट आज, २ हजार १२७ सहभागी हुने



**काठमाडौं/मस–** नेकपा (एमाले)ले ११औं महाधिवेशन का लागि आज प्रतिनिधि चयन गर्दैछ । महाधिवेशनका लागि २ हजार १ सय २७ प्रतिनिधि सहभागी हुने व्यवस्था तय गरिएको छ । हालै जारी गरिएको अन्तरपार्टी निर्देशन (अपानि)मार्फत विभिन्न संरचनाबाट प्रतिनिधि चयनका मापदण्ड स्पष्ट पारिएको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ ।

केन्द्र र आयोगहरूबाट ४ सय ६४ प्रतिनिधि रहनेछन् । जसमध्ये केन्द्रीय कमिटी ३ सय ५५, अनुशासन आयोग २९, निर्वाचन आयोग ३०, लेखा आयोग २५ तथा केन्द्रीय सल्लाहकार परिषद् २५ रहनेछन् । प्रदेशस्तरका कमिटीबाट ५/५ जना गरी ४५ प्रतिनिधि महाधिवेशनमा सहभागी हुनेछन् । सबैभन्दा ठूलो क्लस्टर भौगोलिक (संघीय निर्वाचन क्षेत्र) हो । १६५ क्षेत्रबाट १ हजार १ सय ३५ प्रतिनिधि रहनेछन् ।

प्रत्येक क्षेत्रमा १ हजार २ सय सदस्य बराबर एक युवा, एक महिला र दुई खुला गरी चार प्रतिनिधि छनोट गर्ने प्रावधान छ । सदस्य संख्या बढेअनुसार प्रत्येक ८ सयमा थप प्रतिनिधि रहने व्यवस्था अपानिमा उल्लेख छ ।

विशेष जिल्लाबाट करिब ४७ प्रतिनिधि, दलित आरक्षणअन्तर्गत कम्तीमा ८१, र श्रमिक क्लस्टरबाट ४९ प्रतिनिधि रहनेछन् । प्रवास कमिटीहरूबाट ३५ प्रतिनिधि सहभागी हुनेछन् । भारतबाट १० र अमेरिका, क्यानडा, युरोप, एशिया प्यासिफिक, खाडी तथा ओसिनियाबाट पाँच-पाँच हुनेछन् ।

केन्द्रीय विभागबाट ३२, केन्द्रीय कार्यालयबाट १ र २३ जनसंगठनबाट १ सय ३७ प्रतिनिधि रहनेछन् ।

यसरी सबै क्षेत्रबाट निर्वाचित प्रतिनिधि २ हजार २६ पुग्ने र विधानअनुसार पाँच प्रतिशत अर्थात् १०१ जना मनोनित गर्दा कुल संख्या २ हजार १ सय २७ हुने एमाले जनाएको छ ।

# उज्यालो नेपाल पार्टीको घोषणा मंसिर १७ गते




**काठमाडौं/मस–** यही मंसिर १७ गते उज्यालो नेपाल पार्टी घोषणा हुने भएको छ । पार्टीको मूल नारा 'उज्यालो भविष्यका लागि, उज्यालो नेपाल' राखिएको छ । सो नाराले देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणलाई एउटै साझा राष्ट्रिय लक्ष्यका रूपमा प्रतिविम्बित गर्ने पार्टी प्रवक्ता राजु थापाले जानकारी दिए ।

पार्टी घोषणा सभाको तयारी अन्तिम चरणमा पुगेको उनले बताए । सो अवसरमा उज्यालो नेपाल पार्टीको दीर्घकालीन दृष्टि, मूल ध्येय र विस्तृत घोषणापत्र २०८२, औपचारिक रूपमा सार्वजनिक गरिनेछ । नेपालको संविधानका उपलब्धिलाई आत्मसात् गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, निष्पक्ष, सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा सो पार्टीका सैद्धान्तिक दृष्टिकोण रहेका छन् ।

# सीमामा हुने अवैध ओसारपसार नियन्त्रणमा कडाइ गर्नुपर्ने



**काठमाडौं/मस–** सीमामा हुने अवैध ओसारपसार नियन्त्रणमा कडाइ गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले शुक्रबार आयोजना गरेको खुल्ला सीमा नाका कारण हुनसक्ने पशु तथा कृषिजन्य पदार्थहरुको अवैध ओसारपसार नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

अन्तरदेशीय सीमा क्षेत्रमा हुने पशु तथा कृषिजन्य पदार्थको अवैध ओसारपसारले देशको आर्थिक क्षेत्रमा नकारात्मक असर पारेको गर्दै सरोकारवालाले सीमामा परिचालित सुरक्षाकर्मी तथा सरोकारवाला निकायले सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरी सीमामा हुने अवैध ओसारपसार नियन्त्रण गर्नुपर्ने बताए ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सीमा नाकामा हुने अवैध गतिविधि तथा ओसार पसारमा संलग्नसम्बन्धी सूचना समयमा नै प्राप्त गर्न सीमा क्षेत्रको समुदायस्तरमा सूचक तयार गरी कार्य गर्न जरुरी रहेको बताए । उनले भने, 'राजस्व छली भएमा देशको लागि आर्थिक रुपमा हुने क्षति, रोगजन्य तथा स्वास्थ्यमा असर पर्ने विषादीयुक्त कृषिजन्य सामाग्री प्रयोगमा रोक तथा स्वेदशी वस्तुको उत्पादन र प्रयोगमा जोड दिन आवश्यक छ, यी र यस्ता विषयमा विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।'

महानिरीक्षक अर्यालले सीमा क्षेत्रमा हुने अवैध ओसारपसार नियन्त्रण कार्यमा एकले अर्कोलाई दोष लगाएर पन्छिनुभन्दा पनि आपसी समन्वय र सहकार्य गरी अवैध ओसारपसार र चोरीनिकासीलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सकारात्मक भावना लिएर इमान्दारिताका साथ कार्य गर्न सकियो भने राजस्व वृद्धिमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सीमा सुरक्षा विभागका प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले खुला सीमा नाका कारण हुने अवैध क्रियाकलाप तथा गतिविधिलाई न्यूनीकरण, रोकथाम तथा ओसारपसारलाई नियन्त्रण गर्न प्रदेशस्तरमा यस्ता कार्यक्रम सञ्चालनका लागि सम्बन्धित सरोकारवाला निकायसँग आपसी समन्वय तथा सहकार्य गर्दै अगाडि बढ्नुपर्ने बताए । पशु सेवा विभाग हरिहरभवन ललितपुरका महानिर्देशक डा.रामनन्दन तिवारीले अन्तरदेशीय खुल्ला सीमा नाका कारण पशु तथा कृषिजन्य पदार्थको अवैध ओसारपसारको नियन्त्रण एवं नियमन, कृषि क्षेत्रको वर्तमान अवस्था, अवैध ओसारपसारले कृषि बजार क्षेत्रमा पारेको नकारात्मक प्रभाव, समस्या र चुनौतीमा प्रस्ष्ट पारे ।

गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेले सीमा नाकाबाट हुने अवैध ओसारपसार नियन्त्रण तथा रोक लगाउने कार्यमा अन्तरनिकाय बीच आपसी समन्वय र सहकार्य गरी सीमा क्षेत्रमा देखिएका समस्याको समाधानका लागि कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

# संघीय सरकारले सहजै अधिकार प्रत्यायोजन गर्नुपर्छ : मुख्यमन्त्री आचार्य



**मध्यान्ह संवाददाता**
दाङ, १२ मंसिर

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले संविधानले दिएको अधिकार प्रदेशमा सहज रूपमा प्रत्यायोजन गर्नुपर्ने बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार राप्ती उपत्यका (देउखुरी)मा आयोजना गरेको अन्तरसरकारी समन्वय संयन्त्र, कूटनीतिक मामिला तथा समन्वय परिषद्को निर्णय कार्यान्वयन अवस्थामाथि आयोजित अन्तरक्रियामा बोल्दै मुख्यमन्त्री आचार्यले संविधानले दिएको अधिकार हस्तान्तरण नहुँदा प्रदेश सरकारहरूले खुलेर काम गर्न नपाएको गुनासो गरे । मुख्यमन्त्री आचार्यका अनुसार संघीय सरकारले प्रदेशमा पठाउने कार्यक्रम र बजेटबीच असन्तुलन देखिएको छ । 'गत वर्ष खानेपानी शीर्षकमा १४ हजार रुपैयाँको कार्यक्रम आयो । त्यो पूरा गर्न तीन करोडभन्दा बढी चाहिन्छ। त्यसमा चार करोडभन्दा धेरै लगानी भइसकेको छ, तर संघीय सरकारले पठाएको बजेट १४ हजार मात्रै थियो,'उनले उदाहरण दिँदै भने, 'यस्ता खाले समस्याले गर्दा कार्यान्वयनमा चुनौती देखिन्छ ।'

मुख्यमन्त्री आचार्यले संघीय सरकारले हात हालेका आयोजना सम्पन्न गर्न आवश्यक बजेटसहित प्रदेशमा हस्तान्तरण हुनुपर्नेमा पनि जोड दिए । 'बजेट नदिई आयोजना मात्र पठाइएपछि प्रदेशले कसरी काम अगाडि बढाओस्' उनले प्रश्न गर्दै भने, 'लुम्बिनीमा बाटो, सिँचाइ, खानेपानीजस्ता क्षेत्रमा समस्या यसै कारण देखिएका छन् ।'

आचार्यले संघीय वन ऐनका कारण वन क्षेत्रका चुनौती पनि उस्तै रहेको उल्लेख गरे । 'वनको अधिकार प्रदेशको भनिए पनि मुद्दा हेर्ने अधिकार प्रदेशलाई छैन। हातखुट्टा बाँधिदिएको जस्तै स्थिति छ,'उनले भने,'चुनढुंगा लगायतका खानी क्षेत्रको अधिकार प्रदेशलाई दिइएको भए राजस्व अभाव नहुने थियो। तर यसमा संघीय स्तरले ध्यान दिन सकेको देखिँदैन ।'

यस्तै, कर्मचारी स्थायित्वको अभाव प्रदेशमा ठूलो समस्या रहेको उनको भनाइ छ । 'कर्मचारी प्रदेश आएपछि प्रदेशकै झैं देखिन्छन् । तर संघमा फर्किएपछि उनीहरू फेरि संघकै सोचमा सीमित हुन्छन् । राजनीतिक नेतृत्वमा पनि त्यही प्रवृत्ति देखिन्छ,' उनले भने,'प्रदेशमा हुँदा प्रदेशको जोडदार वकालत गर्ने, तर संघीय संरचनामा पुगेपछि ती कुरा बिर्सने प्रवृत्तिले पनि समस्या पारेको छ ।'

# मलेसियामा चासोक तङ्नाम मनाइँदै

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, १२ मंसिर




किरात लिम्बु समुदायको महान सांस्कृतिक पर्व चासोक तङ्नाम यस वर्ष पनि मलेसियामा भव्य रूपमा मनाइने भएको छ । मलेसियामा रहेका लिम्बु समुदायका अगुवा, समाजसेवी र युवाहरूको समन्वयमा किरात याक्थुङ चोम्लुङ मलेसियाले कार्यक्रम आयोजना गर्न लागेको हो ।

चासोक तङ्नाम नयाँ अन्न भित्राउनु अघि कुलदेवता र प्रकृतिलाई पूजा गर्ने लिम्बु समुदायको पुरातन परम्परा हो । परम्परा, कला, भाषा र भेषभूषाको संरक्षणका लागि विदेशमा बसेर पनि समुदाय एकजुट भएर यो पर्व मनाउँदै आएको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा जनता समाजवादी पार्टी प्रदेश १ की सभा सदस्य तथा पूर्व मन्त्री निर्मला तावाको उपस्थिति रहने आयोजक समितिका युवा व्यवसायी तथा समाजसेवी दिल केरुङ लिम्बूले जानकारी दिए ।

मनोरञ्जनका लागि नेपालबाट लोकप्रिय गायिका सम्झना योङ्हाङ लिम्बू, कलाकार तथा सञ्चारकर्मी टिआर सेनेहाङ र मलेसियामा रहेका स्थानीय कलाकारहरूले सांगीतिक प्रस्तुति दिनेछन् । कार्यक्रममा परम्परागत नृत्य, सांस्कृतिक झाँकी तथा लोपोन्मुख लिम्बु परिकारहरूको व्यवस्थासमेत गरिने आयोजकले जनाएको छ । आगामी डिसेम्बर १३ (शनिबार)का दिन क्वालालम्पुरस्थित नेपाली दूतावास नजिकैको हलमा कार्यक्रम सञ्चालन हुने आयोजकले जनाएको छ । कार्यक्रमलाई क्वालालम्पुरका विभिन्न रेस्टुरेन्टहरूले प्रायोजन गर्नेछन् ।

**बहराइनमा रोजगार**
कम्पनी: Protects Security Services WLL
पूर्व स्वीकृत मिति: २०८२/०८/१२ चलानी नं.: ६०२४७८८९
शहर: BAHRAIN
LT. No.: 334518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 150 | 50 | स. काममा दक्ष | 100 | ३७,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २० गते (6 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE RECRUITING AGENCY PVT. LTD.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9706414359, 9843000020, 9862179537.
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

पुस्तक-समीक्षा

# 'त्यो झापा' : इतिहासको 'इनसाइक्लोपेडिया'

*देश हाँक्ने नेतृत्व हुर्काउने भूमि, देशकै मुटु झापा आफैं चाहिँ इतिहासमा कस्ता चरणहरू पार गर्दै आयो ? ती यावत पुराना इतिहास 'त्यो झापा'ले समेटेको छ । विशेषतः झापासम्बन्धी गहन जानकारी भएका झापाका जिउँदा इतिहास अग्रजहरूसँगका बयानमा आधारित छ ।*



■ भूवन तामाङ

देशको ऐतिहासिक कालदेखि राष्ट्रको विभिन्न महत्वपूर्ण घटनाहरूमा झापाले अहम् भूमिका निभाउँदै आएको छ । देश हाँक्ने नेतृत्व हुर्काउने भूमि, देशकै मुटु झापा आफैं चाहिँ इतिहासमा कस्ता चरण पार गर्दै आयो ? ती यावत् पुराना इतिहास 'त्यो झापा'ले समेटेको छ । जसलाई तीर्थ सिग्देलले लेखेका छन् ।

यो पुस्तक विशेषतः झापासम्बन्धी गहन जानकारी भएका झापाका जिउँदा इतिहास अग्रजहरूसँगका बयानमा आधारित छ । झापाको सामाजिक, शैक्षिक, प्रशासनिक, विकास तथा राजनीतिक जीवनमा योगदान गरेका झापाका विभिन्न स्थानका बासिन्दा तीन दर्जनभन्दा बढी इतिहासका ज्ञाताहरूले व्यक्त गरेका बयान जस्ताको तस्तै पुस्तकमा लिपिबद्ध भएका छन् । पुस्तकमा दुई खण्ड छन्- पूर्व दृष्टि र बयान खण्ड । यी दुवै खण्ड तथ्यपूर्ण र रोचक रहेका छन् । साथै, झापाबारे लेखिएका दर्जनौं कृतिबाट पनि तथ्य उद्धृत गरिएका छन् ।

### इतिहासमा झापा

कृतिभित्रको त्यो झापा शीर्षकको लेखअनुसार पृथ्वीनारायण शाहको शासनकालमा मोरङ र हालको झापा लिम्बुवान राज्यमा पर्दथ्यो । झापा जिल्लाको नाम झापा बजारबाट आएको हो । झापा बजार कुनै समय झापा जिल्लाको सदरमुकाम थियो । कर्मचारीहरूको सुविधाका लागि सदरमुकाम चन्द्रगढीमा सारियो । त्यसभन्दा पहिला सदरमुकाम धुपगाछी (हालको भद्रपुर)मा थियो । वि.सं. १९७२ सम्म हालको झापा मोरङअन्तर्गत नै थियो ।


झापाको नामको उत्पत्ति राजवंशी भाषाबाट भएको मानिन्छ, जसको अर्थ ढकनी वा बिर्को हो । वनजंगलले ढाकिएको क्षेत्र भएकाले पनि यो नाम रहन गएको हो । धिमाल, सन्थाल, राजवंशी, मेचे, थारु, गनगाइँ, किसान आदि जातीय समूहहरू यहाँका मूल बासिन्दा थिए, हुन् । इतिहासका ज्ञाताहरूले २००७ देखि २०२७ सालमा पहाडबाट झरेका मानिसहरूले झापाको हजारौं बिगाहा वन फडानी गरे, खेत बनाए भनेका छन् । पहाड र अन्यत्रबाट आएका मानिसहरूले समयक्रमसँगै यहाँको माटोमा सुन फलाउने चेष्टा मात्र गरेनन् धर्ती मातालाई सजाउने काम पनि गरे । सुन्दर समाजको परिकल्पना गरे । यो ठाउँमा भित्रबाट चेतना भरे र बाहिरबाट आकर्षण थपे । यस पुस्तकको सबटाइटल 'औलोको प्रकोप, बसाइसराइ र भूमिसुधार' रहेको छ । यो आलेख यिनै तीन आयाममा केन्द्रित छ ।

### औलोको प्रकोप

पुस्तकका अनुसार उहिले झापामा औलोको प्रकोप असाध्यै थियो । २०२५ सालदेखि सुरु भएको औलो उन्मुलन कार्यक्रमको सिनियर इन्स्पेक्टर प्रेमसागर खनालको बयानअनुसार पहिलेदेखि रहेका आदिवासी बाहेक अन्यत्रबाट आएकाहरू औलो लागेर भकाभक मर्दथे । औलोको प्रकोप पहाडबाट आएकाहरूमा बढी हुने गर्दथ्यो । झापामा आदिवासीका घरहरू मात्र हुन्थे । धेरै पहिलेदेखि बसेकाले पनि होला उनीहरूमा औलोको कम प्रभाव पर्दथ्यो । पोथी मच्छडले अण्डा पार्नका लागि रगत चाहिने भएकाले औलो सर्ने बढी सम्भावना हुन्थ्यो । औलो उन्मूलनका लागि घरमा डिडिटी छर्कने चलन थियो । औलो र यसको उन्मुलनका बारेमा बृहत् र रोचक लेख तथा बयानहरू यस पुस्तकमा पढ्न पाइन्छन् ।

### बसाइसराइ

झापा जंगल मुलुक थियो, यहाँ अघिदेखि नै आदिवासीहरू खेतीपाती गरी बसेका थिए । उनीहरू बाघ, भालु, हात्ती आदिसँग लड्दै जीविकोपार्जन गरिरहेका थिए । कालापानी मानिएको झापामा जब औलो उन्मुलन हुँदै आयो र २००७ सालको क्रान्ति, प्रतिक्रान्तिको चपेटामा परेर लखेटिएर पहाडबाट झापा आउनेको धुइरो लाग्यो । राणा शासक भीम शमशेरले टाढा-टाढा पुगेका नेपालीहरूलाई फर्काएर आफ्नै मुलुकमा बसोबास गराए । झोडाबासीका नानीहरू पढ्न केरखा, शनिश्चरे, बुधबारे, भद्रपुर लगायतका ठाउँमा स्कुल खुलनाले र




महेन्द्र राजमार्ग बन्नुले पनि झापाप्रति आकर्षण बढ्यो । गुरुभक्त न्यौपानेको बयानअनुसार सहज जीवनको खोजी, काम, जागिर, पानी, खेती कमाइ, उब्जाउ जग्गाजमिन आदिका लागि मानिसहरू तराई ओइरिए ।

राजा महेन्द्रले भूमिसुधार लागू गरे । बिर्ता, मौजा, कामत आदिका अधिकार पाएका जमिनदारहरूले आम किसानउपर शोषण, जालझेल, थिचोमिचो गर्दथे र विभिन्न निहुँमा किसानका जग्गा हडपेर जति पनि जग्गा राख्थे । जमिनदारहरूले साना पाथीले दिने र ठुला पाथीले लिने गर्दथे । जमिनको कर उठाउन जिम्मा पाएका जमिनदार सामन्त र छोटेराजा भएका थिए । किसानउपर जुलुम अन्याय गरेकाले जग्गाको हदबन्दीसहित भूमिसुधार कार्यक्रम लागू गरियो । शनिश्चरेका पुराना बासिन्दा भूमिसुधारमा काम गरेका लवकुश गिरीको बयान अनुसार भूमिसुधारले जमिनमाथिको एकल स्वामित्वमा परिवर्तन ल्याइदियो । मेहनत गर्ने किसानले फाइदा लिन पाए । यो नीति अघि एउटै जमिनदारसँग सयौं बिघा जमिन, दर्जनौं मौजा र कामत हुन्थे । भूमिसुधारपछि शोषणरहित समाज निर्माणमा सघाउ पुग्यो । त्यसबेला झापामा किसानहरूले सामन्त विरोधी आन्दोलन गरे । जमिन कमाउँदा २५ प्रतिशत जमिन अनिवार्य पाइने भयो । यस्तो नीतिले मोहीहरूका अवस्थामा सुधार आएको थियो ।

### अन्य आयामहरू

पुस्तकमा, जिमदारी प्रथा र अन्त्य, शनिश्चरे, बिर्तामोड, भद्रपुर, बिर्ता बजार, दमक लगायतका पुराना ठाउँको इतिहास, दक्षिणी झापा, मेचीपुलको कथा, क्रान्तिको जग, इतिहास साक्षी, रक्सीमा जग्गा साट्ने, पहाडेहरू मान्छे होइनन्, सात सालमा लिम्बूहरूको उपद्रो, आठमौजा, बिर्ताप्रथा, झोडा, क्रान्ति, शिक्षा, विकासक्रम र अरू थुप्रै विषयमा विस्तृत रूपमा लेख, बयान र तथ्यहरू मसिनो गरी केलाएर समेटिएका छन् । जसले झापा चिनाए लेखअनुसार जसले यो माटोमा पहिलो पाइला राखे, सुख्खा जमिनमा फरुवा चलाए अनि औलो, बिफर, कलेरा जस्ता घातक रोगहरूसँग पौंठेजोरी खेले बाघ, भालु, चितुवासँग, शासक, सामन्त र जमिनदारहरूसँग लडे, भिडे । यो भूमिलाई मान्छे बस्न लायक बनाए । बजार खोले, बाटो खने, पुल बनाए, स्कुल खोले । पानीको मूल फुटाए, धान फलाए, पाटा गोडे, आलु रोपे, मकै उमारे, कोदो फलाए । रस्ती रसाए, बस्ती बसाए, चलन चलाए ।

ती महान् व्यक्तिहरू हुन् भनेर कृतिकार सिग्देलले लेखेका छन् । झापा चिनाउने धेरै जनाको नामावली पुस्तकमा उल्लेख छन् । २००७, २०१९ र २०४८ सालका घटना अघि र पछि राजनीतिक परिवर्तनको माध्यमबाट झापाको विभिन्न आयाममा सक्रिय भएका दर्जनौंका नामावली र योगदान पुस्तकमा उल्लेख गरिएका छन् ।

### रोचक प्रसंगहरू

उबेला धर्मढिकुटीमा किसानहरूले धान बचत राख्ने राम्रो चलन थियो । तराइकाले पहाडबाट आएकाहरूलाई मान्छे नै ठान्दैन थिए, कुमान्छे भन्दथे । २०१४ सालमा धुलाबारीतिर सात सयमै एक बिघा खेत पाइन्थ्यो । गाउँ पञ्चायतका निर्वाचित जनप्रतिनिधिहरूले सरकारी काममा कतै जाँदा सरकारी पैसाले चियासम्म पनि पिउँदैन थिए, स्वयंसेवी परम्परा थियो । राजगढ कोचबिहारकी राजकुमारीलाई प्रताप मल्लले विवाह गरेको ठाउँ हो । जहाँ-जहाँ ठाउँका नाममा बाडी शब्द आउँछ ती ठाउँहरू राजवंशीहरूका थिए ।

राणाहरू र राजाहरूले आफन्तलाई जग्गा बिर्ता दिएकाले बिर्ता (बिर्ता बजार) नाम रहन गएको हो । भारतका नक्सलवादीहरूको प्रभाव झापामा पनि परेको थियो । परिणामतः झापामा कोको काटिए, मारिए ? कोको जेल परे ? झापा विद्रोह र क्रान्ति आदिका घटनावली पुस्तकमा विस्तृत चर्चा गरिएका छन् ।

दरपलाल राजवंशीको बयानअनुसार झापामा पहिला रूखको पातमा रसिद, तमसुक लेख्ने चलन थियो । चन्द्रकला न्यौपानेका अनुसार २००१ सालतिर एक तोला सुन १६ रुपैयाँमै पाइन्थ्यो । अरू कैयन् घतलाग्दा घटना र प्रसंगहरूको संग्रह छ पुस्तकभरि । यस पुस्तक पढ्नुको आनन्द नै अर्कै हुन्छ । आठवटा पुस्तक सिर्जना गरिसकेका लेखक तीर्थ सिग्देलको यस नवीनतम कृति झापाको अधिकांश इतिहासको कथा बताउन सफल छ । स्कुल, कलेज, विश्वविद्यालयका विद्यार्थी, प्राध्यापक, अनुसन्धानकर्ता, स्वअध्ययनशील, योजना तथा विकास निकाय, तीनै तहका सरकार, झापाका स्थानीय निकाय र देश-विदेश पुगेकाहरूलाई झापाबारे ज्ञानका लिनका लागि भरपर्दो अध्ययन सामग्रीका रूपमा उदाएको छ । पुस्तकले झापासँग सिमाना जोडिएका जिल्ला र भारतको आसामसम्मको इतिहास बताउँछ । यो कृति देशकै ऐतिहासिक गहनाको रूपमा सिर्जना भएको छ ।

कविता

## प्रेस : विचारको उज्यालो



याम बहादुर थापा मगर

प्रेस, केवल शब्दको धारा होइन,
प्रेस लोकतन्त्रको जीवन्त आवाज हो ।
समाचारको कलमले झुट
र भ्रान्ति विरुद्ध उज्यालो फ्याँक्छ,
जनताको अधिकार र हक-अधिकारको रक्षा गर्छ ।

नेपालमा प्रेस स्वतन्त्रता संवैधानिक अधिकार बनेको छ ।
प्रेस काउन्सिल, मिडिया काउन्सिल,
नेपाल पत्रकार महासंघले पत्रकारिता
र सूचना पहुँचको संरक्षण गर्दै आएका छन् ।
तर अझै चुनौतीहरू छन्- राजनीतिक दबाब,
आर्थिक निर्भरता, डिजिटल प्लेटफर्ममा गलत सूचनाहरू
र ग्रामीण क्षेत्रमा अप्ठ्यारोमा सीमित पहुँच ।
केही पत्रकार धम्की, आत्म-संशोधन
र अदृश्यमा डरको दबाबमा छन् ।

अब समय आएको छ डिजिटल युगको ।
प्रेसको स्वतन्त्रता र सूचना पहुँच दुवै सुरक्षित गर्न ।
कानुन सुदृढ बनाऔं, पत्रकारलाई सुरक्षा
र प्रशिक्षणमार्फत प्रेस स्वतन्त्रता उपलब्ध गराऔं ।
डिजिटल युगमा भ्रामक सूचना नियन्त्रण
र स्वतन्त्रता बिच सन्तुलन कायम गरौं ।
नागरिकलाई मिडिया साक्षर बनाऔं,
जिम्मेवार पाठकको संस्कार र संस्कृति फैलाऔं ।

पत्रकारको कलम केवल कागजको अक्षर होइन,
प्रेस समाजको नजर, लोकतन्त्रको प्रहरी
र भविष्यको मार्गदर्शक तथा समृद्ध समाजको खम्बा हो ।
जबसम्म प्रेस स्वतन्त्र छ, लोकतन्त्र बलियो छ ।
सकारात्मक सोच, सहकार्य र जागरुकताले मात्र सूचना
र विचारको स्वतन्त्रतालाई सुरक्षित राख्न सकिन्छ ।

पत्रकारिता शिक्षा, वृत्ति परक क्षमता,
डिजिटल प्लेटफर्मको पारदर्शिता,
र समुदायमा मिडिया जागरुकता अभियान आवश्यक ।
प्रेस स्वतन्त्रता- लोकतन्त्रको उज्यालो हो,
जसले समाज र देशको भविष्य हेर्ने दृष्टि दिन्छ ।

कविता

## के कविता लेख्नुहुन्छ महाशय ?



अमानव

के कविता लेख्नु हुन्छ महाशय ?
कवितै बिक्दैन
नपत्याए जानु
आफ्नै कविताको किताब कुन बुक स्टोरमा छ ?
खोज्नुस् भेट्नुहुन्छ ?
आफैंले आफ्नो किताब किन्न खोज्दा पनि पाउनु हुन्न महाशय
के कविता लेख्नु हुन्छ महाशय
कवितै बिक्दैन ।

कसका लागि लेख्नुहुन्छ कविता
यो देश, यो समाज कि ती व्यक्ति
जसले बुझेर पनि बुझ्न खोज्दैन
जसले बुझेर पनि बुझ पचाइदिन्छन्
नत्र त महाशय हजुरभन्दा अग्रज ती कविले लेखेनन् कविता ?
खै त के बुझे ?
के परिवर्तन भयो ?
के पढे ?
कविता अब कविता रहँदैन महाशय
यसको पनि अब लाग्छ संग्रहालय बनाउनुपर्छ
तर आज हेर्नुस् कहाँ छ कविता ?
किन लेख्नु हुन्छ कविता
कवितै बिक्दैन
आफैं लगानी गरेर
आफ्नै किताब आफैं बेचेर
कति उत्थान गर्नु हुन्छ खै
छाप्न जानुस् त कविता कवितै बिक्दैन भन्छन्
आख्यान लेख्नुहुन्न भन्नुहुन्छ
कथा लेख्नुहुन्न भन्छन्
लेख्यो भने एक पन्नामा सकिन्छ थियो होला
मानु दुई पन्ना हुन्थ्यो होला
तर त्यही कुरालाई
हेर्नुस् महाशय उपन्यास बनिसक्छ
चक्र पथको बाटो के घुमाउरो होला त्यति बनाइदिन्छ
त्यही नि कविता मात्र लेख्नुहुन्छ ? भन्नुहुन्छ ।
तर के गर्ने महाशय यो कवि तपाईं कवि
कविता मात्र लेख्न जान्ने पर्नु भयो
तपाईं व्यापारी पर्नु भएन
बजारमा के चल्छ त्यो बेच्दै हिँड्नलाई ॥

# हरियो रुमाल

कथा



■ खगेन्द्र पौडेल

*एक साँझ होटेलको छतमाथि उभिँदै ऊ फेवातालमा परावर्तित सूर्यास्त हेर्दै थिई । हरियो रुमाल हावामा फरफराइरहेको थियो, अब त्यो आँसु पुछ्ने रुमाल होइन, उसको स्वतन्त्रताको झन्डा थियो ।*

काठमाडौंको बिहान- भीड, धुलो, हर्नको आवाज र अधुरो सपना बोकेका मानिस । रचना बिहानै उठी बालकोटको किराना पसलमा काम गर्न निस्किई । हातमा हरियो रुमाल थियो - त्यही रुमालले पसिना पुछ्थी, कहिले आँसु ।

रचनाको जीवन साधारण थिएन । बुबा मरेर गए, आमा पिरलो र ऋणले थिचिएकी । सानैदेखि अरूका घरमा भाँडा माझ्ने, बालबालिकाको हेरचाह गर्ने अनि अहिले यो सानो किरानामा काम गर्ने - उसका दिनचर्या यिनै थिए । पढाइ आठ कक्षा पार गर्न नपाउँदै विद्यालय छोड्नुपरेको, उसको पीडा हरेक बिहान चिया उम्लँदा सँगै उम्लिन्थ्यो ।

दैनिक कामको बिचमा ऊ कहिलेकाहीँ झ्यालबाट बाहिर हेर्थी, सहरको भीडमा कतै आफ्नो 'स्वतन्त्रता' हराएको महसुस गर्थी । ऊ चाहन्थी, एक दिन आफ्नै पसल खोल्ने, आफ्नै मेहनतको परिणाम खाने ।

त्यो दिन बिहान, पसलमा नयाँ ग्राहक आयो- सुमन । ऊ नजिकैको इन्जिनियरिङ कम्पनीमा काम गर्थ्यो । सुमनका कुरा विनम्र, मुस्कान नम्र र नजर स्थिर थिए । केही दिनमै उनीहरूबीच बोलचाल बढ्यो । सुमनले प्रस्ताव राख्यो, 'रचना, म तिमी जस्तो इमानदार र मेहनती केटी खोज्दै थिएँ, मसँग विवाह गर्न तयार छ्यौ ?'

रचनाले धेरै सोचिन, ऊ थकित जीवनबाट नयाँ आशाको ढोका खोल्न चाहन्थी । आमा पनि खुसी भइन्, 'छोरीको भाग्य खुलेछ' भनिन् । केही महिनामै उनीहरू विवाह बन्धनमा बाँधिए ।

तर विवाहको सुरुको मिठास लामो टिकेन । सुमनको घरका कुरा रचनाको कल्पनाभन्दा फरक थिए । सासूले 'तँ कामदार केटी, हाम्रा नाममा धब्बा लगाउन आइकी' भनी दिनदिनै टोक्थिन् । सुमन पनि अब पहिलेको जस्तो बोल्दैनथ्यो । उसका सपनाहरू, भावनाहरू, सबै घरको कोलाहलमा हराए ।

रचनाले सोची, 'सायद समय लाग्ला, म राम्रो गरे भने सब ठिक हुन्छ' । त्यसपछि उसले बिहानदेखि बेलुकीसम्म घरको सबै काम सम्हाली - खाना पकाउने, कपडा धुने, बगैंचा सर्ने, अनि बेलुकी सुमनको 'थकान' बुझ्ने । तर उसका आफ्नै थकानका कुरा सुन्ने कोही थिएन ।

एक दिन सुमनले भन्यो, 'अनि तिम्रो त्यो काम त अब छोड्ने नि ? म कमाउँछु, तिमी घरमै बस ।'

रचनाले उत्तर दिइन, तर उसको मनमा डर पलायो । उसले सोची, 'काम छोडेपछि म को बन्छु ? म को हुँ यहाँ ?'

केही महिना बिते । सुमनले लोनको कुरा सुरु गर्‍यो, 'बैंकले पाँच लाखसम्म सजिलै दिन्छ, तिम्रो नाममा खाता छ नि ? तिम्रो खाता प्रयोग गरौं न ।'

रचनाले मनमनै सर्त राखी, 'ठिक छ तर रकम मेरो नाममै रहोस्, किनभने यो हाम्रो भविष्यको लागि हो ।'

त्यो रात सुमन चुपचाप रह्यो । अर्को बिहान ऊ अस्वाभाविक रिसले भरिएको थियो । उसले भन्यो, 'तिमी मलाई विश्वास गर्दैनौ ? म तिमीलाई बिहे गरेर गल्ती गरेछु ।' अनि हात उठायो । पहिलोपटक रचनाले आघातको पीडा मात्रै होइन, अपमानको जलन पनि महसुस गरिन् । शरीर दुख्थ्यो तर मन चर्किएको थियो । रातभर ओछ्यानमा आँसु टप्काउँदै ऊ सोची- 'यही हो मेरो घर ? यही हो मेरो जीवन ?' भोलिपल्ट बिहान, आकाशमा हल्का कुहिरो थियो । ऊ चुपचाप उठी, हरियो रुमालले आँसु पुछी, झोलामा थोरै कपडा र केही नोट राखी ढोका पार गरी हिँडी । सुमन सुतिरहेको थियो ।

ऊ सहरका गल्ली पार गर्दै बसपार्क पुगिन् । ट्याक्सी चालकले सोध्यो, 'कहाँ जाने दिदी ?'

रचनाले उत्तर दिइन, केवल मुस्कुराई, 'जहाँ म आफूलाई हराउन नपरोस्, त्यहाँ ।'

बसमा बसेर ऊ पोखरातिर लागी । खिड्कीबाहिर हेरिरहँदा बिस्तारै मन हलुका भयो । त्यो क्षणमा ऊ कुनैको पत्नी होइन, कुनैको दासी होइन, ऊ केवल रचना थिई ।

पोखरामा ऊ एउटा सानो होटेलमा काम गर्न थाली । मिहिनेत, इमानदारी र मुस्कानले मालिकको मन जिती । केही महिनापछि होटेलले ऊलाई क्यास काउन्टरको जिम्मा दियो । ऊ अब आफ्नो कमाइबाट आमा र आफैंलाई सघाउन थाली ।

एक साँझ होटेलको छतमाथि उभिँदै ऊ फेवातालमा परावर्तित सूर्यास्त हेर्दै थिई । हरियो रुमाल हावामा फरफराइरहेको थियो, अब त्यो आँसु पुछ्ने रुमाल होइन, उसको स्वतन्त्रताको झन्डा थियो ।

रचनाले आँखा बन्द गरी सोची, 'कसैले दिएको घर होइन, आफ्नै पसिनाले बनाएको घर नै घर हो । म पराई होइन, म आफ्नी हुँ, आफैंकी ।'

त्यस रात पोखराको आकाशमा हल्का वर्षा पर्‍यो । तर रचनाको मनमा शान्ति थियो । उसले आफूभित्र पहिलोपटक घर फेला पारेकी थिई ।

# गच्छे-भालुवाङ सडकको काम द्रुत गतिमा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
दाङ, १२ मंसिर



अर्घाखाँचीको सन्धिखर्कबाट लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका जोड्ने गच्छे-भालुवाङ सडकको काम द्रुतगतिमा अगाडि बढाइएको छ । २०५६ सालदेखि सुस्त गतिमा काम सुरु भएको यो सडक लुम्बिनी प्रदेशको राजधानी दाङ भएपछि तीव्र गतिमा अगाडि बढेको हो ।

गच्छे-भालुवाङ सडक खण्डको टोड्केदेखि लामातालसम्मको २९ किलोमिटर सडकमा ग्राभेल र संरचनाको काम पूरा गरिएपनि कालोपत्रे गर्ने काम बाँकी छ ।

'बजेट अनुसार काम धमाधम भएको छ,'सडक पूर्वाधार विकास कार्यालयका प्रमुख गोपी पुन मगरले भने,'ग्राभेल र स्ट्रक्चरको काम पूरा भएको छ । अहिले गच्छेबाट झन्डै ६ किलोमिटर सडक कालोपत्रे हुँदैछ भने थप नौ किलोमिटर कालोपत्रे गर्न खनाल ब्रदर्ससँग सम्झौता भइसकेको छ। यो सडक सरदर ७ मिटर चौडा बनाइएको छ ।'

शितगंगा नगरपालिकाको लामातालबाट राप्ती किनार हुँदै बढीदमार-प्युठानको चैते-रामपुर हुदै मुख्य सडकमा जोडिएर दाङको भालुवाङसम्म पुग्ने यो सडक सञ्चालनमा आएपछि अर्घाखाँची र प्रदेश राजधानीबीचको दुरी निकै छोटिनेछ। बजेट अनुसार काम अघि बढेमा गच्छे-भालुवाङ सडक निर्माण पुरा हुन अझै केही वर्ष लाग्न सक्ने प्रमुख पुन मगरले जानकारी दिए ।

लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयमा पटक-पटक थप बजेट माग गर्दै कामलाई निरन्तरता दिइएको प्रमुख पुन मगरले बताए । अहिले गच्छेदेखि धनचौरसम्म विभिन्न स्थानमा काम भइरहेको छ ।

'यो सडकलाई पहिले अर्घाखाँचीलाई दाङको भालुवाङ जोड्ने भनेर थोरै बजेटमै २४ वर्षदेखि काम भइरहेको रहेछ,'पुन मगरले भने,'अहिले सरकारले यसलाई विशेष प्राथमिकतामा राखेको छ ।'

भालुवाङदेखि ५ किलोमिटर टाढा देउखुरीमा स्थायी राजधानी तोकिएर प्रदेशका प्रशासनिक कार्यालय सरेपछि यो सडकलाई राजधानीसँग जोड्ने महत्वपूर्ण मार्गको रूपमा अर्थ दिइएको वरिष्ठ निर्माण व्यवसायी खनाल ब्रदर्सका सञ्चालक कबिराम खनाल बताउँछन् ।

'गच्छे-भालुवाङ सडक अर्घाखाँचीका लागि दूरगामी महत्वको सडक हो,' लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मध्यान्हसँग भने, 'सडक सम्पन्न भएपछि अर्घाखाँची, पाल्पा र गुल्मीका नागरिकलाई प्रदेश राजधानी आउजाउ गर्न सहज हुन्छ । स्थानीय आर्थिक समृद्धिमा टेवा पुऱ्याउने, चिया-खाजा पसल, रिसोर्ट र कृषि उत्पादनमा समेत बजार विस्तार हुने अपेक्षा गरिएको छ ।'

अहिले अर्घाखाँचीबाट भालुवाङ आउन-जान सन्धिखर्क-गोरुसिंगे सडक हुँदै पूर्व-पश्चिम राजमार्ग प्रयोग गर्नुपर्छ । सन्धिखर्क-गोरुसिंगे-भालुवाङ १ सय २४ किलोमिटर पर्दछ, तर सन्धिखर्कबाट गच्छे हुँदै भालुवाङको दुरी ६४ किलोमिटर मात्रै हुनेछ ।

यो सडक पर्यटकीय दृष्टिले पनि महत्वपूर्ण मानिन्छ। शितगंगा नगरपालिका-८ र ९, दाङको राप्ती गाउँपालिकाका नौ वटै वडा, गढवा गाउँपालिकाका वडा १, २ र ३ लाई जोडेर राप्ती उपत्यका बनेपछि गच्छे-भालुवाङ सडकको महत्व झनै बढेको अध्यक्ष आचार्य बताउँछन् ।

शितगंगा नगरपालिकाको वडा नं. ७ मा निर्माणाधीन २ सय ८१ मेगावाट क्षमताको नौमुरे बहुउद्देश्यीय आयोजना पनि यहि सडकको बीचमा पर्दछ, जसले सडकको सम्भावना झन् बढाएको छ ।

धार्मिक, पर्यटकीय र व्यापारिक क्षेत्रको विकाससहित जंगलभित्रका दुर्गम बस्तीको आर्थिक रूपान्तरण गर्ने क्षमता रहेको गच्छे-भालुवाङ सडकलाई बजेटमा प्राथमिकतामा राखेर छिटो पूरा गर्नेतर्फ सरकार लागेको मुख्यमन्त्री आचार्यले बताए । जिल्लाका जलुके, जुकेना लगायतका दुर्गम बस्तीका स्थानीयले सडक निर्माण पूरा भएपछि गाउँमा उत्पादन हुने तरकारी, खसीबोका, खाद्यवस्तु लगायतका उपज भालुवाङ बजारमा सहजै पुऱ्याउन सकिने अपेक्षा राखेका छन् । अर्घाखाँची सदरमुकाम सन्धिखर्कभन्दा भालुवाङ स्थानीयका लागि नजिक हुने भएकाले यो सडकले उनीहरूको जीवनस्तरमा परिवर्तन ल्याउने विश्वास उनीहरूमा छ ।

# 'सरकारको मुख्य काम संस्थागत सुदृढीकरण हो'



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा.सुधा गौतमले सरकारको मुख्य काम संस्थागत प्रणालीको सुदृढीकरण भएको बताएकी छन् ।

मन्त्रालयको आयोजनामा शुक्रबार भएको राष्ट्रिय वार्षिक समीक्षा गोष्ठी (आव २०८१/८२) को उद्घाटन गर्दै उनले सरकार निर्वाचन गराउन जिम्मेवारी साथ सरकार गठन भए पनि सरकारको मुख्य काम संस्थागत प्रणालीमा सुधार गर्नु रहेको बताइन् ।

भ्रष्टाचारको निर्मूल र बेथिति अन्त्य हुनुपर्ने कार्यादेश (म्यान्डेट) सहित सरकार गठन भएको उनको भनाइ छ । मन्त्री गौतमले आफू छोटो समय मन्त्रालयको नेतृत्व गर्न पाए पनि मानसिक स्वास्थ्य, श्रमिक स्वास्थ्य र चार प्रदेश (लुम्बिनी, मधेस, कर्णाली र सुदूरपश्चिम)को स्वास्थ्य सूचांकलाई बढाउने रहेको बताइन् ।

'स्वास्थ्य सूचांक कमजोर रहेका चार प्रदेशमा कार्यक्रम प्रभावकारी कार्यन्वयन गर्दै लैजानुपर्दछ' उनले भनिन्,'प्रदेशभित्र पनि जिल्लाको स्वास्थ्य सूचांकलाई पनि बढाउन आवश्यक रहेको छ ।'

स्वास्थ्य बीमा कार्यक्रमलाई पनि अझ प्रभावकारी रूपमा लैजानु अहिलेको आवश्यकता रहेको बताउँदै उनले मन्त्रालयका कर्मचारीको काम गर्ने ऊर्जा र इच्छा देखाएर काम गर्नुपर्नेमा जोड दिइन् । मन्त्री गौतमले गत वर्षको प्रगति विवरण राम्रो देखिएको भन्दै ७२ प्रतिशत स्वास्थ्य संस्थाको भौतिक प्रगति र ८० प्रतिशत खर्च गरेर सुधार गरिएको बताइन् ।

मन्त्रालयका सचिव डा.विकास देवकोटाले स्रोत कटौती भएको अवस्थामा कार्यक्रमलाई प्रभावकारी रूपमा लैजानुपर्ने चुनौती रहेको बताए ।

उनले अरु क्षेत्रले गरेका समस्याका कारणले स्वास्थ्य क्षेत्रमा आइपर्ने काम पनि मन्त्रालयले गर्नुपर्ने भएको भनेजस्तो काम प्रभावकारी हुन नसकेको उल्लेख गरे । उनले स्वास्थ्य बीमा बोर्डमा अस्पतालले दाबी गर्ने २५ प्रतिशत डुब्लिकेशन देखिएको बताए । कार्यक्रममा सात प्रदेशका स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयले आआफ्नो प्रगति विवरण प्रस्तुत गरेका थिए ।

# 'क्षयरोग नियन्त्रण गर्न सबै पक्ष मिलेर अघि बढ्न आवश्यक'

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ मंसिर



७२औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको अवसरमा गौरमा क्षयरोगसम्बन्धी बृहत् अभिमुखीकरण तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

नेपाल क्षयरोग निवारण संस्था रौतहट शाखाको आयोजनामा भएको कार्यक्रमको अध्यक्षता संस्थाका जिल्ला अध्यक्ष डा. नन्दकिशोर झाले गरेका थिए । यस्तै कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष राज किशोर प्र. यादव प्रमुख अतिथि रहेका थिए ।

जनस्तरमा क्षयरोग नियन्त्रणका बारेमा जागरुकता अभिवृद्धि गर्नु, रोगबाट जोगिने उपायहरू जानकारी गराउनु र उपचार सम्बन्धी तथ्यहरू सरल तरिकाले प्रस्तुत गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो । कार्यक्रमको प्रारम्भिक सत्रमा संस्थाका एक सदस्यले क्षयरोगको विश्वव्यापी जोखिम र नेपालमा भइरहेको नियन्त्रण तथा उपचार व्यवस्थाबारे संक्षिप्त जानकारी दिएका थिए ।

कार्यक्रममा स्वास्थ्यकर्मी र विज्ञहरूले टीबी लाग्ने कारण, लक्षण, दुई हप्ताभन्दा बढी खोकी लगिरहनु, राति ज्वरो आउनु, तौल घट्नु आदिबारे विस्तृत जानकारी दिएका थिए। उनीहरूले क्षयरोगको उपचार पूर्ण रूपमा सम्भव रहेको बताउँदै नियमित औषधी सेवन नगरेमा रोग बहुऔषधि प्रतिरोधी बन्ने जोखिमबारे सचेत गराएका थिए ।

दिवसको अवसरमा 'क्षयरोग नियन्त्रणमा युवाको भूमिका'विषयमा वक्तृत्वकला प्रतियोगिता समेत सम्पन्न भएको छ । जिल्लाका विभिन्न विद्यालय तथा कलेजका विद्यार्थीहरूको उत्साहजनक सहभागितासहित सम्पन्न प्रतियोगितामा उनीहरूले टीबी सम्बन्धी जनचेतना फैलाउने, बिरामीप्रति हुने सामाजिक भेदभाव हटाउने र उपचारप्रति प्रोत्साहित गर्ने विषयमा प्रभावकारी विचार प्रस्तुत गरेका थिए ।

कार्यक्रमको अन्त्यतिर प्रमुख अतिथि यादवले वक्तृत्वकला प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण गरेका थिए । उनले सहभागिता जनाउने सबै विद्यार्थीलाई बधाई दिँदै उनीहरूको प्रस्तुति क्षयरोग मुक्त नेपाल अभियानमा प्रेरणादायी हुने बताए। साथै, क्षयरोग नियन्त्रण अभियानमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रशंसापत्र र ब्याच प्रदान गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल क्षयरोग निवारण संस्था रौतहट जिल्ला शाखाका पदाधिकारी, कार्यसमिति सदस्य, स्थानीय स्वास्थ्य संस्थाका प्रतिनिधि, सरकारी अधिकारी, सञ्चारकर्मी तथा नागरिक समाजका अगुवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। अध्यक्ष डा. झाले सबै सहभागीप्रति धन्यवाद व्यक्त गर्दै क्षयरोग नियन्त्रणका लागि सबैले मिलेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए ।

# नेपा:भाषा संरक्षणमा लाग्न महानगरप्रमुख महर्जनको आग्रह



**ललितपुर/मस-** ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले नेपा: भाषा मंका खल:का नवनिर्वाचित अध्यक्ष एवं पदाधिकारीलाई सूचना प्रविधिको उपयोग गर्दै भाषा संरक्षणमा लाग्न आग्रह गरेका छन् ।

नेपा: भाषा मंका खल:को १४औं अधिवेशनबाट निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना प्रदान गर्न महानगरले आज यहाँ आयोजना गरेको कार्यक्रममा उनले सूचना प्रविधिले फड्को मारिरहेको युगमा नेपा: भाषा, संस्कृतिको संरक्षणलाई प्राथमिकता राखेर सबैसँग सहकार्य र समन्वयका साथ काम गर्न आग्रह गरेका हुन् । 'मंका खल:ले भाषा, संस्कृतिको क्षेत्रमा विज्ञहरूलाई छनोट गरेर काम गर्न आवश्यक छ । ललितपुर महानगरले नेपा: भाषा संरक्षण र सम्वर्धनका लागि मंका खल:लाई जुनसुकै सहयोग गर्न तयार छ', महानगरप्रमुख महर्जनले भने, 'बजेटमा कुनै कमी हुन नदिन हामी सहयोग गर्छौं । सूचना प्रविधिको प्रयोग गरी नेपा: भाषालाई प्रवर्धन गर्न प्रभावकारी कदम चाल्न आवश्यक छ ।'

मंका खल:को प्रमुख उद्देश्य र दायित्व नै भाषा, संस्कृति तथा सम्पदालाई प्राथमिकतामा राखेर काम गर्नु हो भन्दै उनले यसका लागि महानगर आवश्यक सहयोग, समन्वय र सहकार्य गर्न तयार रहेको बताए ।

मंका खल:का अध्यक्ष महेन्द्रलाल महर्जनले आजभोलि नेपा: भाषाको प्रयोग कम भएकाले समस्यामा पर्दै गएको उल्लेख गर्दै आफ्नो परिवारबाट नै यसको प्रयोगलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याए ।

उनले लोकसेवा आयोगको परीक्षामा समेत नेवारी भाषालाई समावेश गराउनका लागि मंका खलले प्रयास गर्ने बताउँदै यसका लागि महानगरलगायत सबै सरोकार भएकाहरूको सहयोग आवश्यक रहेको बताए ।

महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले नेपा: भाषा मंका खल:ले नेवारी भाषाको संरक्षणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् । भाषा र संस्कृति संरक्षणका लागि महानगरले स्थानीय पाठ्यक्रम लागू गरेको जानकारी गराउँदै उनले नेवारी भाषा नै लोप हुने अवस्थामा पुगेकाले भाषा र लिपिको संरक्षणमा लाग्नुपर्ने बताइन्। देशविदेशमा रहेका नेवारी समुदायका मानिसलाई एकताबद्ध गर्नु पनि आवश्यक रहेको उपप्रमुख बज्राचार्यको भनाइ थियो ।

# कतारमा ४२ जना नेपालीले गरे रक्तदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ मंसिर

गण्डकी प्रदेश समन्वय परिषद् कतारको नवौं स्थापना दिवसको अवसरमा तेस्रो बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेशमा आबद्ध जिल्ला संस्थाहरूसँगको संयुक्त आयोजनामा बृहत् रक्तदान कार्यक्रम आयोजना गरिएको हो । 'रक्तदान, जीवनदान, जीवनदान महानदान' भन्ने मूल मन्त्रसहित नेपाली रक्तदाता संघ, कतारको समन्वयमा भएको रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गर्दै प्रदेशका अध्यक्ष नन्दलाल विक (अजय)ले जानकारी दिए । अलसादस्थित हमाद हस्पिटलको नेसनल ब्लड डोनेसन सेन्टरमा बिहान ८ बजेदेखि मध्यान्हसम्म रक्तदान चलेको थियो ।

कार्यक्रम कतारमा रगतको आवश्यक परेका बिरामीले रगत अभावकै कारण ज्यान गुमाउनु नपरोस् भन्ने हेतुले प्रदेशको स्थापना दिवसका अवसरमा परोपकारी कार्य अन्तर्गत जीवन बचाउने महान् कार्यमा योगदान गर्दै दिवस मनाइएको प्रदेशका महासचिव मनप्रसाद राना मगरले बताए । रक्तदान जस्तो पुण्यको कार्यमा उल्लेख्य उपस्थित जनाउनेहरूप्रति आयोजक संस्थाले धन्यवाद ज्ञापन गरेको छ ।

कार्यक्रममा एनआरएनएका विभिन्न अभियन्ता, व्यवसायी, समाजसेवीसहित कतारमा स्थापित संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसहित करिब १ सय जनाको उपस्थिति रहेको थियो । रक्तदाताहरूलाई आयोजकले प्रमाणपत्रद्वारा सम्मान गरेको थियो ।

## विदेशमा...

नेपाली बिरामी हुँदा समस्या पर्ने भएकाले परामर्श सेवा सुरु गरिएको जानकारी दिए ।

स्वास्थ्यमन्त्री शर्माले वैदेशिक रोजगारका क्रममा हुने मृत्युको संख्या ठुलो रहेको भन्दै त्यसलाई घटाउन वैदेशिक रोजगारमा जानु पहिले गरिने स्वास्थ्य परीक्षण र स्वास्थ्य सूचना तथा जानकारी पर्याप्त मात्रामा हुनुपर्नेमा जोड दिएकी छन् ।खासगरी कार्यस्थल जोखिमपूर्ण रहेको तथा अत्यधिक तातो र गर्मीमा काम गर्दा वैदेशिक रोजगारका क्रममा कम उमेरमा हुने मृत्यु बढेको छ । स्वास्थ्यमन्त्री शर्माले अभिमुखीकरण तालिम, स्वास्थ्य परीक्षण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्य सूचना डेस्क स्थापनासहित टेलिमेडिसिनको विषयमा काम गर्नेसमेत बताएकी छन् ।

विदेशस्थित नेपाली दूतावास र नियोगहरूले पनि नेपाली कामदारको स्वास्थ्य सुरक्षाका लागि स्थानीय अस्पतालहरूसँगको सहकार्य बलियो बनाउनुपर्ने भएपनि जनशक्तिको अभाव भन्दै नेपाली दूतावासहरूले सक्रियता देखाएका छैनन् ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको मृत्युको संख्या अस्वाभाविक रूपमा बढेपछि करिब ५ वर्षअघि नै स्वास्थ्य सहचारी राख्नुपर्ने सुझाव आएको भएपनि कार्यान्वयन गरिएको छैन ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता बुढाथोकीका अनुसार विदेश जाने क्रममा श्रमिकलाई आवश्यक स्वास्थ्यसम्बन्धी जानकारीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका विभिन्न स्थानमा सचेतनामूलक सन्देश राखिएको छ । त्यसले क्रमिक रूपमा स्वास्थ्य चेतनाको अभिवृद्धि गर्ने आंकलन गरिएको छ ।

अस्वस्थ खानपिन, पर्याप्त पिउने पानीको अभावमा नेपाली कामदारको मिर्गौला खराब हुने क्रम बढ्दा त्यसले राष्ट्रिय स्तरमै नेपाली कामदारको स्वास्थ्य चिन्ता बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारका लागि ३१ प्रकारका स्वास्थ्य परीक्षण गर्न कार्यविधि नै जारी गरेको छ ।

## कामदारलाई...

नेपालस्थित कार्यालयहरूका टिकट काउन्टरबाट भाडादरको सेवा लिन सक्ने निगमको भनाइ छ । यसबाट श्रम मुलुकमा यात्रा गर्ने यात्रुलाई विशेष सुविधा, सहयोग तथा सहुलियत हुने विश्वास लिइएको निगमले बताएको छ ।

## अभियन्ता...

साइबर बुलिङ गरिहन्छन् ।' डिजिटल हिंसाबाट बच्न दृष्टि र सोच बदल्न जरुरी रहेको उनी बताउँछन् । 'मैले गाएको धेरै गीत हिट भएका छन्, त्यसको चर्चा हुँदैन तर मैले एउटा राजनीतिक विचार राखेकै कारण म डिजिटल हिंसामा परें,' सपुतले आफू हिंसामा परेको कहानी सुनाउँदै भने, 'सामाजिक सञ्जालले मलाई यति नालायक बनाएको छ कि मभित्रभित्रै आत्मग्लानी हुन्छ । मैले अझै पनि परिवारमा अनुहार देखाउन सक्दिनँ ।'

आफू हिंसामा परेको आवाज उठाउँदा पनि झनै हिंसामा परेको अभियन्ता सुहाना थापा मगरको भोगाइ छ । 'आफू हिंसामा परेको आवाज उठाउँदा हिंसामा पर्नुपर्छ,' उनले भनिन्, 'पहिला सामाजिक रूपमा बहिष्कार गर्ने हुन्थ्यो । अहिले त भएभरको सामाजिक सञ्जालमा राखेर बाँच्नै मुस्किल गराउँछन् ।'

वरिष्ठ पत्रकार बबिता बस्नेतले धेरैजसो महिलाहरू डिजिटल हिंसामा परे पनि गुम्स्याएर राखेको बताइन् । 'डिजिटल हिंसामा पर्नेको संख्या बढ्दो क्रममा छ, त्यसलाई घटाउन नकारात्मक विचार निरुत्साहित पार्नुपर्छ,' उनले भनिन् ।

# विशेषज्ञको अभाव हुँदा राष्ट्रिय प्रत्यारोपण केन्द्रको सेवा प्रभावित

**काठमाडौं/मस-** विशेषज्ञको अभाव हुँदा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको केन्द्रको सेवा प्रभावित भएको छ । केन्द्रमा विशेषज्ञ चिकित्सक अभाव भएपछि यहाँबाट प्रदान गरिँदै आइएको कलेजो प्रत्यारोपण रोकिएको हो ।

केन्द्रका कार्यकारी निर्देशक डा.कल्पना श्रेष्ठले केन्द्रका एक मात्र कलेजो प्रत्यारोपण विशेषज्ञ डा.पुकारचन्द्र श्रेष्ठको अवकाश भएपछि गत साउनदेखि कलेज प्रत्यारोपण रोकिएको जानकारी दिइन्। २०७३ देखि केन्द्रमा कलेज प्रत्यारोपण हुँदै आएको थियो ।

'कलेजो प्रत्यारोपण गर्ने केन्द्रमा एक जना मात्र विशेषज्ञ चिकित्सक डा.श्रेष्ठ हुनुहुन्थ्यो' उनले भनिन्,'उहाँको अवकाश भएपछि अहिले कोही पनि सर्जन हुनुहुन्न । त्यही भएर हामीले अहिले कलेजो प्रत्यारोपण सेवा बन्द गरेका छौं ।' निर्देशक डा.श्रेष्ठले कलेजो प्रत्यारोपण रोकिएको जानकारी स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमलाई पनि गराइसकेको गराएकी छन् ।

'विभागीय मन्त्रालयसहित मन्त्रीलाई पनि हामीले कलेजो प्रत्यारोपण सेवा विशेषज्ञको अभावले रोकिएको जानकारी गराइसकेका छौं,' उनले भनिन्,'मन्त्री र सचिवले यस विषयलाई गम्भीरताका साथ लिँदै विशेषज्ञको खोजी गरिरहेको जनाउनुभएको छ ।'


ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!
शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनी: KELVIN CATERING SERVICES (EMIRATES) LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/04/08 — चलानी नं.: ६०२४११७६ — LT. No.:327376 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook/cooks | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ६२,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butchery | 2 | 0 | | 1800 | ६९,८२२ | | | | | | | |
| 3. | Foreign Food Cook | 35 | 0 | | 1800 | ६९,८२२ | | | | | | | |
| 4. | Painter Wall | 1 | 0 | | 1800 | ६९,८२२ | | | | | | | |
| 5. | Supervisor/gen. Supervisor | 3 | 1 | | 2500 | ९६,९७५ | | | | | | | |
| 6. | Waiter (General) | 0 | 7 | | 1200 | ४६,५४८ | | | | | | | |

अन्तर्वार्ता सेन्टर प्वइन्ट होटल ब्रितामोड, झापामा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८२ मंसिर २० गते (6 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

ZERO COST मलेसियामा वैदेशिक रोजगारीको अवसर

कम्पनी: RM GUARD FORCE SDN BHD — शहर:JALAN
पूर्व स्वीकृत मिति: २०८२/०८/१२ — चलानी नं.: ६०२४७८८० — LT. No.:334371

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 12 | 0 | स. काममा दक्ष | 1700 | ५८,६६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २० गते (6 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paramount Employment Consultant Pvt. Ltd.
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052 Email: admin@paramount-consultant.com.
Web: www.paramountconsultant.com
Govt. Lic No.:417/060/061

साउदीमा रोजगार

कम्पनी: AL RAHLA ALMUNASHA LAUNDRY FOR CARS SERVICES — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/०८/१२ — चलानी नं.: ६०२४७९२१ — L.T. No.: 334489

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Wash Cleaners | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MAT'AM KAWKAB MIZAH COMMERCIAL ESTABLISHMENT — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/०३/०५ — चलानी नं.: ६०२३९८३६ — L.T. No.: 325902 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३८,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २० गते (6 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L — People. Factor. Perspective
ANJULIMA INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. ७७४/०६५/०६६
Post Box No: 23251, Kalimatidol, Airpot, Kathmandu, Tel No: 4573100, 4573300, 4588369
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

# नेपाल र बंगलादेशबीच विस्तार हुँदै ऊर्जा सहकार्य



मध्यान्ह संवाददाता
काठमाडौं, १२ मंसिर

बंगलादेशले नेपालबाट थप २० मेगावाट बिजुली लैजान सहमत भएको छ । नेपाल र बंगलादेशका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बिहीबार सम्पन्न सातौं बैठकले हाल निर्यात भइरहेको ४० मेगावाट जलविद्युत्‌का अतिरिक्त थप २० मेगावाट बिजुली निर्यातका लागि आवश्यक प्रक्रिया पूरा गर्ने सहमति भएको हो ।

आवश्यक प्राविधिक तयारी गरेर बंगलादेशले थप बिजुली आयात गर्ने सहमति भएको सो बैठकमा सहभागी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए । निर्देशक समितिको बैठकमा नेपालका तर्फबाट ऊर्जा सचिव चिरञ्जीवी चटौत र बंगलादेशका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका सचिव फर्जाना ममताजको सहअध्यक्षतामा ढाकामा सम्पन्न भएको हो ।

सो बैठकमा बुधबारमा सम्पन्न संयुक्त कार्यदलको बैठकले गरेका सिफारिसमा छलफल गरेको थियो । संयुक्त कार्यदलको बैठकमा ऊर्जा मन्त्रालयका सहसचिव देव र बंगलादेश सरकारका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका अतिरिक्त सचिव केएम अली रेजाको सहअध्यक्षता रहेको थियो ।

निर्देशक समितिको बैठकमा विभिन्न ६ वटा विषयमा छलफल भएको ऊर्जा मन्त्रालयका प्रवक्तासमेत रहेका सहसचिव देवले जानकारी दिए । बैठकले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता प्रवर्धन गर्नेसम्बन्धी समझदारीपत्रमा आआफ्नो प्रक्रिया पूरा गरी हस्ताक्षर गर्ने सहमति भएको छ । सो सम्झौताअन्तर्गत बंगलादेशले नेपाललाई ऊर्जा परीक्षण, विद्युतीय सवारीसाधनको चार्जिङ स्टेसन, रूफटप सोलारजस्ता क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्नेछ । यस्तै, दुई देशबीच क्षमता अभिवृद्धि कार्यक्रमसमेत अगाडि बढाइनेछ ।

२०८१ असोज १७ गते नेपालबाट ४० मेगावाट बिजुली निर्यातका लागि सम्झौता भएको थियो । सोही सम्झौतापछि भारतीय ग्रिडमार्फत बिजुली बंगलादेश निर्यात भइरहेको छ । नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरण, बंगलादेशका तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतका तर्फबाट एनटिपिसी विद्युत् निगमबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको थियो ।

प्राधिकरणले बंगलादेशलाई ६ दशमलव ४ सेन्टमा प्रतियुनिटका दरमा बिजुली बिक्रीका लागि सम्झौता गरेको थियो । ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन, भारतीय प्रसारण प्रणाली र बहरामपुर (भारत) भेरामारा (बंगलादेश) अन्तरदेशीय प्रसारण लाइन हुँदै बिजुली प्रवाह भइरहेको छ । त्यसअघि २०८१ जेठ ११ गते नेपाल बंगलादेशबीचको जलस्रोत क्षेत्रमा सहकार्यका लागि स्थापित संयन्त्र, विज्ञ समितिको बैठकले जलस्रोत क्षेत्रको विकासमा साझा सहकार्य गर्ने सहमति भएको थियो ।

प्राधिकरणले भारतीय एजेन्सी एनभिभीएनलाई बिजुली उपलब्ध गराएको छ । सो कम्पनीले भारतीय संरचना प्रयोग गरेर बिजुली बंगलादेश पुऱ्याइरहेको छ । नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय प्रसारण लाइन हुँदै बिद्युत् निर्यात भइरहेको छ ।

यसपटक पनि बैठकपछि जारी गरिएको वक्तव्यमा सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको लगानी प्रक्रियामा अगाडि बढाउन बंगलादेशले आयोजना मूल्यांकनका लागि विशेषज्ञ समिति गठन गरी लगानी प्रक्रियालाई अगाडि बढाउने र संयुक्त उपक्रम निर्माणसम्बन्धी समझदारीलाई शीघ्र निष्कर्षमा पुऱ्याउने उल्लेख छ । बिहीबार सम्पन्न बैठकमा समेत नेपाल, भारत र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा भारतको सहमति लिन दुवै देशले संयुक्त रूपमा प्रयास गर्ने उल्लेख छ ।

# एमएडब्लु वृद्धिले पायो फेरि नयाँ उपलब्धि



**काठमाडौं/मस–** 'इनर्जी, भिजन, फ्युचर' थिममा सम्पन्न भएको २०२६ डोंगफेंग डिलर कन्फरेन्समा एमएडब्लु वृद्धि मोटर्सले दुई अवार्ड प्राप्त गरेको छ। कम्पनीले '२०२५ अवार्ड अफ एक्सलेन्ट इभी सेल्स' र '२०२५ अवार्ड अफ सर्भिस एक्सलेन्स' गरी दुई महत्वपूर्ण सम्मान प्राप्त गरेको हो ।

नेपालमा इभी प्रवर्धन, नेटवर्क विस्तार र ग्राहकको हितमा काम गरेका कारण कम्पनीले ती पुरस्कार प्राप्त भएको हो । कम्पनी नेपाललाई स्वच्छ ऊर्जाका यातायाततर्फ लैजानका लागि पूर्ण इभी इकोसिस्टम र आवश्यक पूर्वाधार निर्माण गर्न लागिपरेको छ ।

इभी क्षेत्रमा वहन गरेको अग्रणी भूमिकाकै कारण एमएडब्लु वृद्धिले वातावरण संरक्षण र प्रदूषणमुक्त यातायात समाधानमा समर्पित अग्रणी ब्रान्डका रूपमा आफ्नो पहिचान बनाएको कम्पनीको दाबी छ । एमएडब्लु वृद्धि मोटर्सले केवल १४ महिनाकै दौरानमा १ हजार २ सय ५० भन्दा बढी इभी गाडी बिक्री गरिसकेको छ, जुन न्यु इनर्जीको क्षेत्रमा उल्लेखनीय उपलब्धि रहेको कम्पनीले जनाएको छ ।

